# शुद्धोदन गाउँपालिकाका आर्थिक वर्ष २०८३/८४ का पारित नीति तथा कार्यक्रमहरु

**सभा अध्यक्षज्यू,**
**गाउँसभाका सदस्य ज्यूहरु,**

१. नेपालको इतिहासको कालखण्डमा विभिन्न समयहरुमा शासन व्यवस्थामा आएको परिवर्तनको फलस्वरुप नेपालको संविधान कार्यान्वयनका क्रममा गाउँपालिकाले प्रत्येक वर्ष आफ्नो अधिकार क्षेत्रका कार्यहरु गर्न सभामा पेश गर्ने जस्तै आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम यस गाउँपालिकाको गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ ।

२. संघीयताको कार्यान्वयनको क्रममा स्थानिय सरकारको रुपमा यस गाउँपालिकाको वर्तमान कार्यपालिकाले विगत ४ वर्षको नीति तथा कार्यक्रमहरु यसै सभामा प्रस्तुत गरी कार्यान्वयन गरेको छ।जसको कार्यान्वयनका क्रममा सकारात्मक परिणामहरु देखा परेको मैले महशुस गरेको छु । जसमा विभिन्न क्षेत्रबाट सहयोग प्राप्त भएको छ।उक्त कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण यस गरिमामय गाउँसभा सदस्यज्यूहरु, कर्मचारीहरु, नागरिक समाज, राजनीतिक दलहरु लगायत आम जनसमुदाय प्रति हार्दिक आभार प्रकट गर्दछु।

३. नेपालको वर्तमान राजनीतिक परिवर्तनको कुरा सम्पूर्ण सभाका सदस्यज्यूहरुलाई अवगत नै रहेको छ । देशमा भर्खरै सम्पन्न भएको चुनावबाट गठन भएको नयाँ सरकारका नीति तथा कार्यक्रम, प्रदेश सरकारले जारी गरेका नीति तथा कार्यक्रमहरुलाई पालना गर्दै आगामी आर्थिक वर्षमा यस गाउँपालिकाले अवलम्बन गर्नु पर्ने नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।

४. समानुपातिक तथा समावेशी विकास र आपसी सहयोगका माध्यमबाट सामाजिक सहिष्णुता वृद्धि तथा भातृत्वको भावना विस्तार गर्ने कतिपय कार्यक्रमहरु सम्पन्न भैसकेकाले चालु वर्षका केही नीतिहरु कार्यान्वयनमा सफलता मिलेको अवस्था रहेको छ । शुद्धोदन बासीहरुको सदियौं देखि समस्याको रुपमा रहेको भूमि सम्बन्धी समस्या समाधान गर्न यस गाउँपालिकाको सक्रियतामा धेरै कार्यहरु सम्पन्न भएको छ । यस कार्यमा सहयोग गर्नु हुने सबै सरोकारवालाहरु तथा भूमी समस्या समाधान आयोग र यसको जिल्ला समिति तथा सम्बन्धित सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छु । यस सम्बन्धी बाँकी काम आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी यस नीति तथा कार्यक्रममा व्यवस्था मिलाएको छु ।

५. नेपाल सरकारले लिएको **"सुशासन, सामाजिक न्याय र समृद्धि"** को लक्ष्यलाई आत्मसाथ गर्दै यस गाउँपालिकाले पनि गाउँपालिका बासीको सुख र समृद्धिको लागि लिएको विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका लागि गाउँपालिकाका प्रशासनिक संरचना निर्माणको कामलाई उच्च प्राथमिकतामा राखी कार्य गर्ने गरेको थियो जसको परिणाम स्वरुप हाल सबै प्रशासनिक

संरचनाहरुबाट सेवा प्रवाहको काम प्रभावकारी रुपमा सञ्चालन भैरहेको छ । विकासको लागि सडक पूर्वाधार, कृषि तथा पशु क्षेत्रको उत्पादन वृद्धि, स्वास्थ्य क्षेत्रको प्रभावकारी सेवा, शिक्षामा गुणस्तर सुधार, सामाजिक क्षेत्रमा भावनात्मक सम्बन्ध वृद्धि जस्ता गाउँपालिकाका प्रयासले गाउँपालिकाको समग्र विकासको मार्ग चित्र तयार पारेको अवस्था देखिएको छ । विकास र समृद्धिका लागि गाउँपालिकाको प्रयास यिनै कार्यहरु सम्पादन गर्न तल्लीन रहेको कुरा म यस गरिमामय सभामा प्रस्तुत गर्न चाहान्छु ।

६. नेपालमा संघीयता कार्यान्वयनमा आएसँगै हामी यस गाउँपालिकाको जिम्मेवार पदहरुमा निर्वाचित भए पश्चात हामिले जति कामहरु सम्पादन गर्न सफल भयौं यो इतिहासले मूल्याङ्कन गर्नेछ । यसका बावजुत हामिहरुसँग जतनालाई सेवा उपलब्ध गराउन विभिन्न प्रकारका अवसरहरु रहेका छन जसलाई हामी आगामी आर्थिक वर्षमा पुरा गर्नुपर्ने देखेका छौं । जुन निम्न प्रकार रहेका छनः

- गाउँपालिकामा गर्न सकिने उत्पादनलाई आधुनिकीकरण गरि कृषि उत्पादनलाई व्यवसायिक तरिकाले वृद्धि गर्ने वातावरणको सिर्जना गर्ने ।
- गाउँपालिकामा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको पहिचान गरी देश विदेशमा प्रचार प्रसारको माध्यमबाट पर्यटन क्षेत्रमा आमुल परिवर्तन ल्याउने ।
- गाउँपालिकाको नामांकरण भएको नाम राजा शुद्धोदनको स्तुप स्थापना सहित प्रचार प्रसारलाई व्यापक बनाउने ।
- शैक्षिक संस्थाहरुमा रहेका विभिन्न समस्याहरुको अध्ययन गरी समाधान उपायहरु पहिल्याइ शैक्षिक गुणस्तरमा सुधार गर्ने ।
- मानवीय स्रोतको अध्ययन गरी उपयुक्त रोजगारीका अवसरहरुको सिर्जना गर्ने ।
- यस गाउँपालिकामा रहेको भूमि सम्बन्धी समस्यालाई दीर्घकालीन रुपमा समाधान गर्ने ।
- साना तथा मझौला उद्योगहरुको स्थापना गर्न प्रोत्साहन गरी उत्पादनबाट गाउँपालिकालाई आत्म निर्भर गराउने ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सँगै संक्रामक रोगको संक्रमण नियन्त्रण गर्न आवश्यक संरचना निर्माण गरी अन्य महत्वपूर्ण कुराहरुको व्यवस्थापन गर्ने ।
- गाउँपालिका भित्र बग्ने नदीहरुको बहाव अवस्थाको अध्ययन गरी नदीजन्य पदार्थको उत्खनन गर्दै यसको अनावश्यक कटान तथा जोखिमलाई न्यूनीकरण गर्ने ।

७. माथि प्रस्तुत गरिएको अवसरहरु प्राप्त गर्न हाम्रा सामु तपसिल अनुसारका विभिन्न चुनौतीहरु रहेको मैले महसुस गरेको छु ।

- कृषिको क्षेत्रमा रहेका विभिन्न आधुनिक प्रविधि प्रयोग गरी गाउँपालिकामा गरिने कृषिका कार्यहरुमा कृषकको चाहाना र अपनत्व वृद्धि गर्नु ।

- आर्थिक सामाजिक क्षेत्रको विकासलाई जनताको रोजाइमा पारी भौतिक विकास कम गर्दै लैजाने वातावरणको सिर्जना गर्नु ।

- गाउँपालिकाका युवाहरुलाई गाउँपालिकामा रोजगारीको लागि आकर्षित गरि वैदेशिक रोजगारीमा जान रोक्नु । वैदेशिक रोजगारीबाट सीप सिकी फर्केका युवाहरुलाई गाउँपालिकामा उचित रोजगारीका अवसरहरु सिर्जना गरी निजको सीपको उपभोग गर्नु ।

- गाउँपालिकामा रहेका विभिन्न आम्दानीका स्रोतहरुलाई प्रयोग गरी गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्नु ।

- संक्रामक रोगको संक्रमण नियन्त्रण गरी गाउँपालिकाको विकासलाई लक्ष्य अनुरुप अगाडि बढाउनु ।

८. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम तयार गर्न मैले नेपालको संविधान २०७२, नेपाल सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको नीति तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन २०७४ स्थानीय सरकारका नीति तथा कार्यक्रम तर्जुमा गर्न तयार गरिएका प्रचलित कानूनी व्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय तहका नीति, योजना र लक्ष्यका साथै हामी निर्वाचित भएर हालसम्म स्थानीय सरकार सञ्चालन गर्दा प्राप्त गरेका अनुभव तथा सिकाईहरुलाई मूख्य आधारको रुपमा लिएको छु ।

**सभाका सभा-सदस्यज्यूहरु,**

**सुशासन तथा संस्थागत विकासः**

९. चालु आर्थिक वर्ष २०८२/८३ का स्वीकृत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा हालसम्म भएको प्रगतिको विवरण प्रस्तुत गर्न चाहान्छु ।

१०. गाउँपालिकाले स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन तर्फ आर्थिक वर्ष २०८१/८२ मा गरेका कार्यहरुबाट जम्मा ६५.५० प्रतिशत अङ्क प्राप्त भएको छ ।

११. चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा आजको मिति सम्म चालु आर्थिक वर्षका करिब २२० योजना (वडा समेतको) मध्ये हाल सम्म १६२ वटा सम्झौता भै सञ्चालन भएकोमा ८८ वटा योजना सम्पन्न भएका छन् । योजनाको भौतिक प्रगति ६४.२४% र वित्तीय प्रगति ५४.३२% रहेको छ । वडा स्तरका ५६ गाउँपालिका स्तरका १८ र अन्य १४ वटा योजनाहरु सम्पन्न भएका छन् ।

१२. गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा संशोधन सहित चालु तर्फ रु. ४२ करोड ६४ लाख १७ हजार विनियोजन गरेकोमा हाल सम्म जम्म रु. २६ करोड २० लाख ३४ हजार खर्च गरी ६१.४५ प्रतिशत खर्च गर्न सफल भएको छ ।

१३. गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा संशोधन सहित पुँजिगत तर्फ रु. ३५ करोड ७७ लाख २३ हजार विनियोजन गरेकोमा हालसम्म जम्मा रु. ९ करोड ४२ लाख ५१ हजार मात्र खर्च गरी २६.३५ प्रतिशत मात्र पुँजिगत खर्च गर्न सफल भएको अवस्था छ । पुँजिगत खर्च न्युन हुनुमा वर्तमान समयमा भएको निर्माण सामाग्रीको मूल्य वृद्धी मुख्य कारण रहेको कुरा सबै सदस्यज्यूहरुलाई जानकारी नै छ ।

१४. गाउँपालिकाले चालु आर्थिक वर्षमा संशोधन सहित जम्मा रु. ७८ करोड ४१ लाख ४० हजार विनियोजन गरेकोमा हालसम्म जम्मा रु. ३६ करोड ६२ लाख ८६ हजार खर्च गरी जम्मा ४५.४३ प्रतिशत मात्र खर्च गर्न सकेको अवस्था रहेको छ ।

१५. गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ सम्म अध्यावधिक बेरुजु रु. १३ करोड १९ लाख २६ हजार ४ सय ७ रहेकोमा यस आर्थिक वर्षमा रु. २ करो ५० लाख फछ्यौंट गरी हाल सम्म अध्यावधिक बेरुजु जम्मा १० करोड ६९ लाख २६ हजार ४ सय ७ मात्र रहेको छ ।

१६. गाउँपालिका भित्र हुने चोरी तथा अन्य गैरकानूनी कामको अवलोकन तथा सचेतना फैलाउन फर्सटिकर बजारमा ANPR क्यामेरा जडान गरिएको | गाउँपालिकाको सभाहलमा नेटवर्किंगको काम अन्तिम चरणमा पुगेको छ |

१७. शुद्धोदन गाउँपालिका कार्यलयको शान्ति सुरक्षामा खटिएको नगर प्रहरी इकाइबाट दानव र तिनाउ खोलामा नियमित रुपमा गस्ति गरिएको छ।फर्सटिकर, भुजौली, मानपकडी र पुरैनी हाटबजारको बैठकि उठाउने काम गरियो ।खेत सम्याउँदा बढि भएको माटो बिक्री बितरण गर्दा रेखदेख गरियो।दर्वहवा मेलामा शन्ति सुरक्षाको लागी खटियो।शुद्धोदन पार्क सरसफाई तथा प्रवेश शुल्क उठाउने काममा सहयोग भएको छ । नदीजन्य पदार्थको उत्खनन् तथा बिक्री वितरण गर्दा रेखदेख गरियो। तिनाउ र दानव नदीमा गस्ति गर्दा अवैद रुपमा मिस्कट उत्खनन् र ओसरपासर गर्ने गाडीहरुलाई नियन्त्रण लिई कारवहिको लागि पठाईयो साथै अवैद रुपमा घाटगद्दि गरेको मिस्कटलाई जफत गरियो।शैक्षिक महोत्सव तथा अध्यक्ष कप खेलकुद कार्यक्रम र फर्सटिकर फुटवल कप हुदा रेखदेख र सुरक्षाको लागि खटियो। वडा नं.१ देखी ७ सम्म एकिकृत घुम्ति शिविर हुदा शान्ति सुरक्षा साथै राष्ट्रिय परिचय पत्र वितरणमा सहयोग गरियो।

१८. शुद्धोदन गाउँपालिका भित्र रहेका हाटबजारहरुको ठेक्का आव्हान गरी ठेक्का व्यवस्थापन गर्ने काम सम्पन्न भएको छ । शुद्धोदन पार्कको ठेक्का आव्हान गरी ठेक्का व्यवस्थापन गरिएको छ ।

१९. निजीजग्गाको माटो उत्खनन् गरी विक्री वितरण प्रयोजनका लागि ४३ बटा अनुमती प्रदान गरिएकोमा जसबाट राजस्व रकम रु.२९,१८,४९२/-(मू.अ.कर समेत) संकलन भएको छ ।निजी जग्गाको माटो उत्खनन् निजी प्रयोजनका लागि १० वटा अनुमती प्रदान गरिएको छ ।

२०. नदीजन्य पदार्थ व्यवस्थापनका लागि दानव नदी, ईङ्गुरिया नदी र तिनाउ नदीका विभिन्न घाटहरुबाट ९ वटा ठेक्का आव्हान गरी रु. २०,९५,०३,७६७/- (मू.अ.कर बाहेक) संकलन भएको छ ।

२१. आन्तरिक आयतर्फ २०८३ जेठ मसान्तसम्म राजस्व रकम रु.२,६५,४०,२९४/- संकलन भएको छ ।

**सामाजिक विकासः**

२२. गाउँपालिकाले आधारभूत स्वास्थ्य सेवालाई जनताको मौलिक अधिकारको रूपमा स्वीकार गर्दै गाउँपलिकाको सातवटै वडा मार्फत प्राथमिक स्वास्थ्य सेवा प्रदान गरिदै आएको छ ।जसमा आ.व. २०८२/०८३ को हालसम्म स्वास्थ्य संस्थमा मार्फत सेवा लिएका जनसंख्या २७१२३ रहेको छ ।पूर्ण खोप पाएका वालवालिकाको संख्या १०० प्रतिशत रहेको छ।रूपन्देही जिल्लामा पुर्ण खोप दिगोपना सुनिश्चितता घोषणा गर्ने पालिकाहरूमा दोस्रो स्थानमा छ ।मोतिपुर प्राथमिक स्वास्थ्य केन्द्रमार्फत स्वास्थ्य विमा कार्यक्रम संचालन भइरहेको छ । रेविज रोग विरूद्को भ्यक्सीन लगाउने कार्यक्रम मार्फत ३२७ जनाले सेवा लिएका छन।संस्थागत प्रसुती १०० प्रतिशत भएको अवस्था छ । सुत्केरी जाँच कार्यक्रम ९५% प्रतिशत रहेको छ । जसको कारणले सुत्केरी अवस्थामा आउनसक्ने जटिलताहरूलाइ समयमै पत्ता लगाउन सजिलो भएको छ । कुपोषणलाइ न्यूनीकरण गर्नको लगि पालिकाको आफ्नै पहलमा संचालन गरेको समुदाय स्तरीय पोषण प्रर्वधन अभियान अन्तर्गत २३४४ जना बालवालिकाले सेवा लिएका छन् । जसको कारणले कुपोषणको प्रारम्भिक अवस्थामा पहिचान गरी उपाचार गर्न सम्भब भएको छ । यस आ.व.को जेष्ठ महिना सम्ममा महिला स्वास्थ्य स्वयं सेविका मार्फत २१४०१ जनाले सेवा लिएका छन् ।

२३. पालिकालाइ क्षयरोग मुक्त बनाउने हिसावले संचान भएको क्षयरोग मुक्त पालिका कार्यक्रम मार्फत ७२ जना क्षयरोगीहरू पत्ता लागेका छन् तथा तिनिहरू सबैलाइ उपचारको दायरामा ल्याइएको छ । स्वास्थ्य संस्थाबाट टाढा रहेका क्षेत्रहरू तथा स्वाथ्य सेवाको पहुँचबाट टाढा रहेका क्षेत्रहरूको पहिचान गरी यस पालिकाको ३ स्थानमा गाउँघर क्लिनिक तथा ९ वटा स्थानहरूमा खोप क्लिनिक मार्फत सेवा प्रदान गर्दै आइएको छ ।

२४. समुदायमा फैलदै गएको नसर्ने रोगको अवस्था पत्ता लगाउनको लागि प्रत्येक वडामा मधुमेहको जाँच, मृगौला रोगको जाँच, उच्च रक्तचापको जाँच, तथा मोटोपना जाँचको सुरूवात स्वास्थ्य कार्यालय रूपन्देही तथा गाउँपालिकाको संयूक्त आयोजनामा संचालन गरिएको छ, जसमा हालसम्म २८०० जनाले सेवा लिइसकेका छन् ।

२५. गाउँपालिकाले गरिव विपन्न दीर्घ रोगीहरुको उपचार सहयोगको लागि संघीय सरकारबाट उपलब्ध हुने रु. १ लाखको उपचार सहयोग गर्ने कार्यको लागि यस गाउँपालिकाका ५० जना नागरिकहरुलाई सिफारिस गरी उक्त सेवा प्राप्त गर्न सहयोग गरेको छ ।

२६. गाउँपालिकाले आँखा उपचारको सुविधा उपलब्ध गराउन आँखा अस्पताल रणअम्बिका आँखा अस्पताल र बुटवल लायन्ससँगको सम्झौता अनुसार मोतिया विन्दुको अप्रेशन सेवाको लागि ७९ जना विरामी हरुलाई मोतिया विन्दुको अप्रेशनको लागि सिफारिस गरिएको छ ।

२७. गाउँपालिका भित्रका स्वास्थ कर्मीहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम गोष्ठी लगायतका कार्यक्रमहरु सञ्चालन गरिएको छ । सबै स्वास्थ्य संस्थाहरुलाई किसोर किसोरी मैत्री स्वास्थ्य संस्था घषणा गर्ने कार्यलाई अगाडी बढाइएको छ । लागु औषध दुर्वेशन नियन्त्रण सम्बन्धी युवा लक्षीत कार्यक्रम गरिएको छ ।

२८. आयुर्वेद स्वास्थ्य तर्फ आयुर्वेद औषधालय बहिरङ्ग सेवा (OPD) बाट ४०९७ जना बिरामीहरूलाई स्वास्थ्य उपचार तथा परामर्श सेवा प्रदान गरिएको छ । जसमा महिला २१०२ र पुरूष १९९५ रहेका छन। आयुर्वेद गाउँघर किल्निक गाउँपालिकाको वडा नं.१ सिसै र वडा नं. २ भुजौलीबाट १३०७ जना नागरिकहरूलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ ।

२९. जनप्रतिनिधि तथा कर्मचारीहरू गरी ५० जना लाई आयुर्वेद स्वास्थ्य सेवा सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ । आयुर्वेद औषधालय तथा गाउँघर किल्निकबाट ३७१ जना जेष्ठ नागरिकहरूलाई स्वास्थ्य उपचार सेवा प्रदान गरिनुको साथै ७६ जना सुत्केरी महिलाहरूको स्वास्थ्य परिक्षण गरी दुग्धबर्धक पोषणजन्य औषधि वितरण गरिएको छ ।आयुर्वेद औषधालयबाट ५३० जना विरामीहरूलाई पूर्वकर्म स्नेहन/स्वेदन थेरापी सेवा उपलब्ध गराइएको छ ।

३०. मिति २०८३/०१/०२ गते प्रथम अन्तराष्ट्रिय आरोग्य दिवस कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय नागरीकहरू गरी ५५ जनाको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो। शुद्धोदन गाउँपालिकाबाट सञ्चालित एकिकृत घुम्ति शिविरमा आयुर्वेद शाखा बाट ६३३ जना बिरामीहरूलाई स्वास्थ्य परिक्षण,परामर्श तथा औषधि उपचार गरिएको छ।

३१. शुद्धोदन गाउँपालिकाका सम्पूर्ण सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयका २८ जना शिक्षकहरूको सहभागितामा विद्यालय आयुर्वेद स्वास्थ्य तथा योग शिक्षा कार्यक्रम सम्पन्न गरिएको छ।

३२. शिक्षा युवा तथा खेलकुद तर्फ विषयविज्ञ सहित विद्यालय अनुगमन तथा कक्षा अवलोकन गरी विषयगत शिक्षक लगाएत विद्यालयको समग्र अवस्था सुधारका लागि पृष्ठपोषण प्रदान गरिएको । विद्यालय/शिक्षकको साझेदारीमा एक शिक्षक १ ल्यापटप कार्यक्रम अन्तरगत ७ जना शिक्षकलाई ल्यापटप खरिदका लागि सम्झौता भइ काम अगाडि बढाइएको छ। सामुदायिक विद्यालयका ३० जना शिक्षकहरुलाई ICT सम्बन्धि क्षमता विकास तालिम सम्पन्न गरियो।

३३. पाँचौ राष्ट्रपति रनिङ्ग शिल्ड तथा अध्यक्ष कप खेल महोत्सव भव्य रुपमा सम्पन्न गरिएको । अन्तर विद्यालय स्तरीय खुला भजन प्रतियोगिता तथा तहगत रुपमा चित्रकला, निबन्ध लेखन, वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरीएको।

३४. सामुदायिक विद्यालयका ५७ जना स्थायी शिक्षकहरुका लागि का.स.मू. व्यवस्थापन सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो।शैक्षिक सत्र २०८२ को गाउँपालिका स्तरीय वार्षिक परिक्षा (कक्षा ५) र आधारभूत तह उत्तीर्ण परिक्षा (कक्षा ८) सञ्चालन गरी नतिजा प्रकाशन, प्रमाणपत्र वितरणको कार्य सम्पन्न गरिएको।

३५. शैक्षिक सत्र २०८१ को गाउँपालिका स्तरीय वार्षिक तथा आधारभूत तह उत्तीर्ण, SEE (२०८१) , SLC (२०८२) साथै क्याम्पस तहका वार्षिक परिक्षामा उत्कृष्ठ नतिजा प्राप्त १९ जना विद्यार्थी, विषयगत रुपमा उत्कृष्ठ नतिजा दिन सफल १४ जना शिक्षक, उत्कृष्ठ प्रधानाध्यापक, दिर्घ सेवामा रहनुभएका ७ जना शिक्षक, उत्कृष्ठ बालविकास सहजकर्ता तथा उत्कृष्ठ कर्मचारी गरी ४३ जना शिक्षक, विद्यार्थी तथा कर्मचारीहरुलाई सम्मान गरियो।

३६. सामुदायिक विद्यालयमा प्राथमिक उपचारमा सहयोग पुग्ने अपेक्षा सहित सामग्री सहितको प्राथमिक उपचार बाकस वितरण गरियो। सामुदायिक तथा संस्थागत विद्यालयका खेलकुद शिक्षकहरुका लागि ७ दिने पिटी तथा खेलकुद तालिम सञ्चालन गरि सम्पन्न गरिएको । सामुदायिक विद्यालयका बाल विकास सहजकर्ताहरुका लागि ४ दिने पुनर्ताजगी तालिम सञ्चालन गरि सम्पन्न गरियो।

३७. युवा तथा खेलकुद तर्फ वडा स्तरिय, आमन्त्रीत अन्तरपालिका स्तरीय विभिन्न खेलकुद प्रतियोगिता आयोजना गरी सम्पन्न गरियो ।

३८. सामुदायिक विद्यालयका बालविकास सहजकर्ता, विद्यालय सहायक, सहयोगी कर्मचारी तथा समुदायमा आधारित बालविकास केन्द्रका हेरालुहरुका लागि मासिक ७०००/- का दरले

पारिश्रमिक थप गरि तेस्रो त्रैमासिक सम्म रकम रु.४८,८२,०८१/- (अक्षरुपी अड्चालिस लाख बयासी हजार एकासी मात्र) खर्च गरिएको छ।

३९. शिक्षा युवा तथा खेलकुद विकास शाखाको हाल सम्म ससर्त तर्फ जम्मा रकम रु. १२,४१,२१,१३०/-(अक्षरुपी बाह्र करोड एक्चालीस लाख एक्काइस हजार एक सय तीस रुपैया मात्र) खर्च गरिएको छ। भने आन्तरीक तर्फ रु. १,३९,३१,१७७/-(अक्षरुपी एक करोड उन्नचालिस लाख एकतीस हजार एक सय सतहत्तर रुपैया मात्र) खर्च गरिएको छ।

४०. विश्व हातधुने दिवस २०८२ भगलापुर मा.वि. मा विभिन्न कार्यक्रमगरी सम्पन्न भएको छ । विश्व शौचालय दिवस २०८२ शिशै मा.वि.मा विभिन्न कार्यक्रमगरी सम्पन्न गरिएको छ। शुद्धोदन गाउपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता (WASH) योजना तयार गरी खानेपानी तथा ढल ब्यवस्थापन विभागको NWASH System मा समावेश गरिएको छ । वडा कार्यालयहरुको सिफारिसमा विपन्न वर्गहरुलाइ हेण्ड पाइपको सामग्री उपलब्ध गराइएको छ । ख.बनगाइ खानेपानी तथा सरसफाइ संस्थाको पम्प मोटर चट्याङले जलेको हुंदा सो को स्थानमा नयाँ पम्प मोटर जडान गरिएको छ ।

४१. वडा नं. ३ जनकपुरमा रहेको सिंचाइ बोरिङमा नयाँ पम्प मोटर जडान गरिएको छ । विभिन्न स्वास्थ्य संस्था, स्कूल तथा अन्य संघ संस्था र ब्यक्तिको ३० वटा हैण्ड पाइपमा पानीको गुणस्तर परिक्षण गरिएको छ ।वडा नं. ७ दक्षिण मधुवनीमा हैण्डपाइप जडान गरिएको छ । विभिन्न खानेपानी तथा सरसफाइ संस्थाको माग अनुसारको पाइप तथा फिटिङ्स खरिदको लागि सम्झौता गरी यसै हप्ता दिनभित्र सामान उपलब्ध भइ सम्पन्न हुने अवस्था रहेको छ ।

४२. सामाजिक समावेशीकरण र संरक्षण तर्फ २३ जना (क वर्ग २, ख वर्ग ११, ग वर्ग ६ र घ वर्ग ४) व्यक्तिहरूलाई अपाङ्गता परिचयपत्र वितरण भएका छन् ।४६९ जना (२२० महिला, २४९ पुरुष) जेष्ठ नागरिक परिचयपत्र वितरण लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम सम्पन्न भएको छ । ३४ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसमा ७४ जना “क” वर्गका अपाङ्गता भएका व्यक्तिलाई पोषणयुक्त खानेकुरा वितरण ३१ जना अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्गता सहायक सामग्री (१६ ह्वील चियर, ६ बैशाखी, ३ वाकर, २ बेबी स्टुलर, २ सेतो छडी र २ थेरापी बल) वितरण अपाङ्गता भएका बालबालिकाका लागि शारीरिक चेकजाँच तथा अपाङ्गता पहिचान साथै फिजियोथेरापी तथा सर्जरी अपाङ्ग बाल अस्पताल तथा पुनस्थापना केन्द्र बनेपासँगको साझेदारीमा ५७ जना लाभान्वित (सहायक सामग्री नापजाँच २० जना, अर्थोपेडिक सहायक सामग्री विशेष जुत्ता १ जना, १२ जना बालबालिकालाई शल्यक्रियाको लागि बनेपा अस्पतालमा मिति तोकिएका र ४५ जनाले फिजियोथेरापी सेवा लिएका।५७ जना एकल महिलाहरूको लागि ३ दिने बाटेको धुप बनाउने तालिम सम्पन्न। बालमैत्री स्थानीय शासन

घोषणा प्रकृयासम्बन्धी पालिका स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यक्रम सम्पन्न। दलित समुदायका लागि दलित हक, अधिकार र कर्तव्य तथा कानूनी सचेतना कार्यक्रम सम्पन्न गरिएको छ।

४३. सामाजिक सुरक्षा भत्ता पहिलो, दोस्रो र तेस्रो गरि जम्मा ३ पटक (EFT वा बैंकिङ माध्यमबाट) रकम भुक्तानी वितरण गरिएको छ। पूर्ण बैंकिङ प्रणालीः सामाजिक सुरक्षा भत्तालाई सधैं पारदर्शी बनाउन १००% लाभग्राहीको खातामा सिधै (EFT वा बैंकिङ माध्यमबाट) रकम भुक्तानी गरिएको। डिजिटल डाटाबेस (MIS) अद्यावधिकः दोहोरोपन हटाउन र मृत्यु भइसकेका वा बसाइँसराई गइसकेका लाभग्राहीहरूको नाम सूचीबाट हटाई बायोमेट्रिक डिभाईसद्धारा (शुद्धीकरण) गर्ने कार्य सम्पन्न । हालसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्रहीहरुको संख्या ३३९३ रहेको छ ।

४४. शुद्धोदन गाउँपालिकाको यस आ.व. मा जन्म दर्ता ७१० जना, मृत्यू २४१, सम्बन्ध विच्छेद १९, विवाह ३५८ र वसाई सराई सरि आएको दर्ता संख्या ७०वसाई, सरि गएको ७४ गरि हालसम्म जम्मा घटना दर्ता १४२३ दर्ता भएको छ।

४५. यस पालिका बाहेक अरु पालिकाबाट वसाई सराई, विवहा दर्ता गरि आएका तर यस पालिकामा अभिलेख नरहेका लाभग्राहीहरुको प्रतिलिपी प्रयोजनका लागि जम्मा २२३ वटा घटना दर्ताको आइडी स्थान्तरण गरिएको छ ।

४६. वडा कार्यालहरुमा केही समस्या भएमा स्वयंम आफु उपस्थिती भई सहजिकरण गर्नका साथै अनलाईन माध्यम Any Desk, Rust Desk, What's APP तथा अन्य सामाजिक संजाल मार्फत सहजिकरण गरिएको छ ।

४७. VPN तथा इन्टरनेट जडानः सबै वडा कार्यालयहरूमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुरक्षित र निरन्तर चलाउन सुरक्षित नेटवर्क (VPN) को विस्तार गरिएको छ।

४८. ७ वटै वडा कार्यलयहरुमा ई-सिफारिस सिस्टम संचालनका लागि सहायक कम्प्यूटर अपरेटर नियुक्ती गरिएको छ । हालसम्म १ देखि ७ वडामा २१८६ ई-सिफारिस जारि गरिएको छ ।

४९. न्यायीक समितिमा दर्ता भएका जम्मा उजुरी संख्या – ६५ मध्य ५० वटा उजुरीहरुको फछ्र्यौट भएको छ । मेलमिलापकर्तालाई आधारभुत तालिम दिने काम सम्पन्न भएको छ ।

**आर्थिक विकासः**

५०. गाउँपालिकाले कृषि विकास तर्फ ४००० प्याकेट विभिन्न सिजन अनुसारका तरकारी विउ मिनिकित वितरण गरेको छ । ३००/३०० प्याकेट हाईब्रिड तरकारी (तिते करेला, फर्सी,

बोडीको बिउ) वितरण गरिएको छ । कृषि मेला प्रदशनी मार्फत ३० जना किसानलाई नगद तथा प्रमाणपत्रले सम्मान गरिएको छ ।२००० प्याकेट च्याउको विउ वितरण गरिएको छ । ४१ घार मौरी सहित र ६० खाली घार वितरण गरिएको छ ।

५१. आकस्मिक वाली संमरक्षण कार्यक्रम अनुसार २५०० प्याकेट किटनाशक विसादी तथा १५०० प्याकेट ढुसीनासक विषादी वितरण गरिएको छ । धुम्ती सिबिर मार्फत ७ वटै वडामा विभिन्न कृषि संग सम्बन्धित सेवा प्रदान गरिएको । मागमा आधारित तथा करेसाबारी प्रबर्धन कार्यक्रम अनुसार १६/१६ जना कृषक मार्फत कार्यक्रम संचालन गरिएको छ ।

५२. कृषि यान्त्रिकरण कार्यक्रम अनुसार १०२ जना कृषकलाई सिंचाई मोटर, १५ जना कृषकलाई पम्प सेट र ६ जना कृषकलाई मिनीटिलर वितरण गरिएको छ । स्यालो ट्युबेल वितरण कार्यक्रम अन्तर्गत ४१ जना कृषकको खेतमा स्यालो ट्युबेल जडान कार्यक्रम को प्रक्रिया आगाडी बढाइएको छ । यस गाउँपालिकामा संचालन भएका डिप ट्युबेलहरुलाई विधुत मिटरको विलमा ५०% रकम भुक्तानी गरिएको छ ।गाउँपालिका तथा विभिन्न वडा कार्यालय मार्फत ७६,६६६ के.जी. विभिन्न जातका गहुँको विउ वितरण कार्यक्रम सम्पन्न गरिएको छ । यस गाउँपालिका वडा नं. १ मा तरकारीको चेक जाँचको क्रममा विषादी कम भेटिएकोले प्रोत्साहन स्वरुप करिब ३० जना कृषकलाई सम्मान गरिएको छ । करिब १२० जना कृषकलाई कृषि सम्बन्धि विभिन्न तालिम दिईएको छ ।

५३. गाउँपालिकाले पशु सेवा तर्फ गाई भैंसिलाई ६००० डोज खोरेतको खोप लगाइएको छ ।२२००० भेडा बाख्रालाई पी.पी.आर. बिरुद्दको खोप लगाइएको छ ।६०० जना कृषकलाई बर्षे घासको बिउ वितरण गरिएको छ ।३०० जना कृषकलाई बर्सिम घासको विउ वितरण गरिएको छ । दुधको गुणस्तर र मूल्य एक रुपताका लागि १८ वटा दुध डेरीको अनुगमन गरिएको छ । करिब ३००० पशुलाई निशुल्क औषधि वितरण गरिएको छ ।वडा न २ र ४ मा करिज ४०० कृषकलाई निशुल्क क्याल्सियम मिनरल वितरण गरिएको छ ।वडा न ७ मा २ दिने तालिम तथा क्याल्सियम वितरण गरिएको छ ।

५४. सहकारीका ब्यवस्थापक र सहायक कर्मचारीहरूलाई सहकारी तथा गरिवी सम्बन्धि ब्यवस्थापन सूचना प्रणाली कोपोमिस COPOMIS तालिम ४० जना सहभागितामा तालिम दिई सम्पन्न गरिएको छ । शुद्धोदन गाउँपालिकाका कार्यपालिका सदस्य तथा शुद्धोदन सञ्जालका संचालक गरी ३५ जनालाई सहकारी तथा वित्तिय साक्षरता तालिम दिने कार्य सम्पन्न भएको छ । ६९औं राष्ट्रिय सहकारी दिवसको अवसरमा सहकारीका अध्यक्ष, उपाध्यक्ष र ब्यवस्थापकहरूलाई सहकारीको मुल नारामा आधारित सहकारी संस्थाका ६५ जनालाई उद्यमशिलता र पारदर्शिता सम्बन्धि १ दिने अभिमुखिकरण तालिम कार्यक्रम सम्पन्न।

५५. पालिका स्तरीय सहकारी संस्थाका ७५ जनालाई १ दिने नियामकिय निर्देशन राष्ट्रिय सहकारी नियमन प्राधिकरण संस्था अभिमुखिकरण तालिम कार्य सम्पन्न।वडा नम्वर ५ र ६ मा संचालित समुदायिक संस्थाका १२५ जना सदस्यहरूलाई ७ दिने समुह गठन भएका समुह संस्थामा आय आर्जन तथा स्वरोजगार मुलक तथा वित्तिय साक्षरता परिक्षण अभिमुखिरण तालिम कार्य सम्पन्न।

५६. गाउँपालिका स्थानीय बिकास कोषको लेखा परिक्षण सम्पन्न। वडामा स्थानीय विकास कोष अन्तर्गतका सामुदायिक संस्था/ समुहहरूको नियमित हुने बैठक कार्य निरन्तरता रहेको। स्थानीय विकास कोषबाट परिचालन गरिएको नियमित ऋणपुँजि लगानी असुली नियमित कार्य भएको। वडा नं. ५ मा गाउँपालिका सामाजिक परिचालन समिति बैठक बाट १० लाख घुम्तिकोष ऋण स्वीकृत भई ऋण परिचालन। सामुदायिक विकास कोषको आन्तरीक लेखा परिक्षण सम्पन्न।

५७. पालिका स्तरीय २६ वटा सहकारी संस्था मध्ये ४ वटा सहकारी अनुगमन गर्ने कार्य सम्पन्न भएको। बजार अनुगमन गर्ने क्रममा १० के. जि. बराबरको आखाद्य बस्तु मिठाई नष्ट गर्ने कार्य सम्पन्न गरियो । दरवाह कोटहीमाई पर्यटकीय मेला बजार स्टल निर्माण गरी ब्यवसाय गरेका मिठाई पसल जिल्ला खाद्य तथा गुण नियन्तरण कार्यालयका प्राविधिक सहित बजार अनुगमन गर्ने कार्य सम्पन्न भएको छ।

५८. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत ४६ जना लाभग्राहीहरुलाई वडागत रुपमा योजना संचालन सम्बन्धमा अभिमुखिकरण तथा परिचयपत्र वितरण गरी, उनिहरु मार्फत रोजगार उपभोक्ता समिति गठन भई योजना सम्झौता गरी ६ वटा वडाहरुमा खानेपानी पाईपलाईन विस्तार, सिचाई कुलो सरसफाई, तथा विभिन्न ठाउँहरुमा सरसफाई सम्बन्धि न्यूनतम रोजगारीका कार्यक्रम संचालनमा गरीएको । आर्थिक वर्ष २०८३/०८४ को लागि न्यूनतम रोजगारीमा संलग्न हुनको लागि जम्मा १३८ आवेदन वडागत रुपमा संकलन गरी EMIS मा परिविष्ट गरिएको छ । श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप वडागत रुपमा संचालन तथा रोजगार संवाद मंञ्चको संचालन गरीएको छ । शुद्धोदन गाउँपालिका, रुपन्देही को रोजगारीको अवस्था, वैदेशिक रोजगारीमा गएका तथा फर्किएका नागरिकहरुको तथ्याङ्क संकलन गर्ने सम्बन्धि मापदण्ड, २०८३ तयार गरी सोही बमोजिम तथ्याङ्क संकलनको कार्य गरिएको ।

५९. सामि कार्यक्रम अन्तर्गत कार्यक्रम कार्यान्वयन समितिको गठन तथा सोको बैठक, चौंथो चरणको कार्यान्वयन मोडालिटी सम्बन्धमा अभिमुखिकरण कार्यक्रम, समुदाय स्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखिकरण तथा सुचना प्रवाह तथा विषयगत समिति/शाखा सँग वैदेशिक रोजगारी सम्बन्धी सेवालाई संस्थागत गर्ने सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।

६०. श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिको लागि सहजिकरण गरि ७० जनालाई स्टिकर प्रिन्ट प्रदान गरिएको ।

६१. वैदेशिक रोजगार वोर्डको सचिवालय मार्फत प्रदान गरिने आर्थिक सहायता अन्तर्गत वैदेशिक रोजगार सन्नतति छात्रवृत्ति को लागि सहजिकरण ७ जना, विदेश बाट शव नेपाल झिकाउन सहजिकरण १ जना, विमान स्थलबाट निशुल्क रुपमा घरसम्म शव ढुवानी सहजिकरण १ जना, मृतकको परिवारलाई आर्थिक सहायताको लागि सहजिकरण १ जना तथा उद्धार तथा खोजतलासको लागी सहजिकरण १ जना गरि FEWIMS मा ईन्ट्रि गरी गरीएको ।

**पूर्वाधार विकासः**

६२. भौतिक पूर्वाधार तर्फ गाउँपालिकाको सभाहल निर्माण सम्पन्न भई संचालनमा आएको छ ।वडा नं. १ परौता गाउँ देखि भाटा जाने सडक निर्माण सम्पन्न भएको छ । वडा नं. १ परिसरमा क्यान्टिन र पार्किङ्ग स्थल निर्माण सम्पन्न भएको छ ।वडा नं. न. १ मा विभिन्न ४ वटा सडक पि.सि.सी. गर्ने काम सम्पन्न भएको छ ।वडा नं. १ मा रहेको गोरखनाथ ताल र वार्ड ६ मा रहेको चप्पर खोना ताल उत्खनन् सम्पन्न भई वाल निर्माण कार्य अघि बढेको छ ।

६३. वडा नं. ६ कार्यालय र स्वास्थ्य चौकी भवन निर्माणको काम ७०% सम्पन्न भएको छ ।मोतिपुर १५ सैया अस्पताल निर्माणको अन्तिम चरणमा रहेको छ ।

६४. सियारी कुलो निर्माण गर्ने काम सम्पन्न भएको छ । वडा नं. २ को भुजौली पुरैनी सडक मर्मत सम्पन्न गर्ने कार्य सम्पन्न भएको छ । संस्कृत बिद्या पिठ बिद्यालयको ४ कोठे भवन को जग को काम सम्पन्न भै पहिलो तलाको काम अगाडी बढेको छ । पुरैनी आधारभुत विद्यालयको भवन निर्माणको काम सम्पन्न भै संचालनमा आएको छ।कोटहिया पुरैनी सडकको निर्माण कार्य भईरहेको छ ।

६५. कोलुवा, परौता, सिसौघारी, गुरौली, धनौरा, सिसवा, सखुवानी, बेलहियामा गरि १ करोड ५० लाख को तटबन्ध निर्माण भएको र क्रमश : नौडिहवा, सिकरा, मधुवनी र गुरौली मा निर्माणको कार्यको लागि सम्झौता भएको छ ।

६६. वडा नं. ३ को आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण को काम ७०% सम्पन्न भएको छ । शंकर मा.वि.को दोगाना खण्डको भवन ४०% सम्पन्न भएको छ । वडा नं. ४ का विभिन्न ५ सडकहरु पि.सि.सी. गर्ने काम सम्पन्न भै सञ्चालनमा आएका छन् ।

६७. वडा नं. ३,४ र ६ का बिभिन्न सडकमा स्ट्रिट लाईट जडान भएको । गाउँपालिका भवनमा मर्मत सम्भार र ट्रस निर्माण भएको ।वडा नं. ६ बकुलीमा नाली निर्माण गर्ने काम सम्पन्न

भएको छ । वडा नं. ६ भैरहवा टोल मा कल्भर्ट र पैनी निर्माण गर्ने काम सम्पन्न भएको छ ।वडा नं. ६ बैरी डांडामा सडक पि.सि.सी. गर्ने काम सम्पन्न भएको छ ।

६८. गाउँपालिका आर्थिक वर्ष २०८२/८३ मा ठेक्का प्रकृयाबाट बिभिन्न योजना गरि करिब ३० वटा योजना सम्झौता भई निर्माण भईरहेको अवस्था छ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापनः**

६९. आगोलागी, अति विपन्न, मृत्यु भएका तथा आर्थिक अवस्था न्यून भएका बिपन्न नागरिकहरुलाई राहत तथा औषधि उपचारका लागि आर्थिक सहायता स्वरूप बिभिन्न समयमा समितिको बैठक बसि रु २,२७,०००/- राहत तथा आर्थिक सहायता उपलब्ध गराईएको छ । चिसो तथा शितलहर बाट प्रभावित हुन नदिन शुद्धोदन गाउँपालिका भित्र रहेका सम्पर्ण वडाहरुमा अति बिपन्न, अशक्त तथा जेष्ठ नागरिकहरुलाई ४६० थान न्यानो कपडा कम्बल (बलाङ्केट) वितरण गरिएको छ ।

७०. आगोलागी तथा डढेलो बाट हुने विपद् घटनाहरुलाई न्यूनिकरण गर्नका लागि पालिका भित्रका सम्पुर्ण वडाहरुमा नागरिकहरुलाई सूचना सम्प्रेषण गर्ने कार्य गरिएको ।पालिका भित्रका सम्पुर्ण वडाहरुमा शितलहरबाट प्रभावित हुन नदिन तथा नागरिकहरुको स्वास्थ्य रक्षाको लागी डिभिजन बन कार्यालय भैरहवा बाट मुढा दाउरा खरीद गरी पालिका भित्रका सम्पूर्ण वडा तथा टोल विकासका चोक तथा सार्वजनिक स्थलहरूमा बितरण गरिएको।

७१. जिल्ला प्रशासन कार्यालय तथा जिल्ला समन्वय समिति भैरहवा तथा राष्ट्रिय विपद जोखिम न्यूनिकरण तथा ब्यवस्थापन प्राधिकरण काठमाडौंले पत्रचार गरेका कार्यक्रमहरूको समन्वय तथा प्रतिवेदन पठाउने कार्य गरिएको छ ।

७२. बिश्व बातावरण दिवस (जुन ५) २०८३ को अवसरमा शुद्धोदन गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारीहरू तथा बिभिन्न संघ संस्थाका प्रतिनिधि र स्थानीय नागरीकहरूको सहभागितामा शुद्धोदन गाउँपालिका परिसर, सरकारी कर्यालयहरू तथा सार्वजनिक स्थलहरूमा बिभिन्न फलफूल तथा जडिबुटी जन्य बिरूवाहरू वृक्ष रोपन कार्यक्रम सम्पन्न गरियो ।

७३. आगामी आर्थिक वर्षमा प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरु आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वन तथा वातावरण र सुशासन तथा संस्थागत विकासमा केन्द्रित हुनेछन् । यसैको आधारमा स्रोत अनुमान तथा सीमा निर्धारण गर्ने कार्य सम्पन्न भएको छ ।

७४. आगामी आ.व. २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट निर्माणका लागि यस गाउँपालिकाले विद्युतीय माध्यमबाट र मिति २०८३।०२।२० गते विभिन्न सरोवाकारवालाहरुको उपस्थितिमा

सुझाव संकलन गर्ने कार्य सम्पन्न गरी प्राप्त सुझावहरुलाई नीति तथा कार्यक्रममा समावेश गर्ने प्रयास गरीएको छ । यस गाउँपालिकाका विभिन्न विषयगत समितिहरुको समेत सिफारिसमा यस वर्षको नीति तथा कार्यक्रम तयार गरी प्रस्तुत गर्ने प्रयास गरिएको छ । यस सभामा आउने सकारात्मक सुझावहरुलाई यस नीतिको मार्गदर्शक सिद्धान्तको रुपमा समावेश गरी संशोधन सहित यो नीति तथा कार्यक्रम यस गरिमामय सभाबाट पारित हुनेछ भन्ने आशाका साथ म यस सभामा आगामी आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**(क) सुशासन तथा संस्थागत विकासः**

७५. गाउँपालिकाको आवधिक योजना, मध्यमकालिन संरचना, भू-उपयोग योजना, क्षेत्रगत गुरुयोजना तथा दिगो विकास लक्ष्यसँग आबद्ध गरी वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

७६. वडास्तरदेखि गाउँपालिकास्तरसम्मको सहभागितामूलक योजना तर्जुमा प्रक्रियालाई थप व्यवस्थित, पारदर्शी र नतिजामुखी बनाइनेछ ।

७७. विकास आयोजनाको आवश्यकता, औचित्य, लागत तथा प्रतिफलका आधारमा आयोजना छनोट र प्राथमिकीकरण गर्ने प्रणालीलाई संस्थागत गरिनेछ ।

७८. गाउँपालिकाको आयोजना बैंक (Project Bank) निर्माण गरी सम्भाव्य तथा प्राथमिकताप्राप्त आयोजनाहरू कार्यान्वयनका लागि तयार गरिनेछ ।

७९. संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी बहुवर्षीय तथा रणनीतिक महत्वका आयोजनाहरू गाउँपालिकामा भित्र्याउने पहल गरिनेछ ।

८०. विकास निर्माणका योजनाहरूको नियमित प्राविधिक अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

८१. योजनाको गुणस्तर, समयसीमा र लागत प्रभावकारिता सुनिश्चित गर्न अनुगमन संयन्त्रलाई थप सुदृढ गरिनेछ ।

८२. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक लेखापरीक्षण तथा नागरिक निगरानीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी सुशासन प्रवर्द्धन गरिनेछ ।

८३. योजना व्यवस्थापन सूचना प्रणाली (PMIS) तथा डिजिटल अभिलेख व्यवस्थापन प्रणालीको विकास र विस्तार गरिनेछ ।

८४. नीति तथा योजना निर्माणका लागि आवश्यक तथ्याङ्क संकलन, विश्लेषण, अनुसन्धान तथा प्रकाशन कार्यलाई प्राथमिकता दिइनेछ ।

८५. दिगो विकास लक्ष्य (SDGs), जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणलाई योजना तथा बजेट प्रणालीमा मूलप्रवाहीकरण गरिनेछ ।

८६. जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति तथा सरोकारवालाहरूको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धी क्षमता अभिवृद्धि गरिनेछ ।

८७. विकास साझेदार संस्था, गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग सहकार्य र साझेदारी विस्तार गरी स्थानीय विकासमा लगानी आकर्षित गरिनेछ ।

८८. योजनाको प्रभावकारिता अभिवृद्धिका लागि सम्पन्न आयोजनाहरूको उपलब्धि तथा प्रभाव मूल्याङ्कन गरी सिकाइ र सुधारका उपाय अवलम्बन गरिनेछ ।

८९. **"तथ्यमा आधारित योजना, पारदर्शी कार्यान्वयन र दिगो विकास"** को अवधारणालाई आत्मसात् गर्दै समृद्ध शुद्धोदन निर्माणका लागि योजना व्यवस्थापन प्रणालीलाई थप सुदृढ र प्रभावकारी बनाइनेछ ।

९०. गाउँपालिकाका सम्पूर्ण प्रशासनिक तथा सेवा प्रवाह प्रणालीलाई क्रमशः डिजिटल प्रविधिमा आधारित बनाउने प्रयास गरिनेछ ।

९१. विद्युतीय सुशासन (E-Governance) को प्रवर्द्धन गरी सेवा प्रवाहलाई सरल, छरितो, पारदर्शी तथा प्रभावकारी बनाइनेछ ।

९२. गाउँपालिका तथा वडा कार्यालयहरूमा इन्टरनेट, नेटवर्किङ तथा सूचना प्रविधि पूर्वाधारको विस्तार र स्तरोन्नति गरिनेछ ।

९३. डिजिटल अभिलेख व्यवस्थापन प्रणाली लागू गरी कार्यालयका महत्त्वपूर्ण कागजात तथा तथ्याङ्कको सुरक्षित संरक्षण गरिनेछ ।

९४. नागरिकले प्राप्त गर्ने सेवाहरूलाई क्रमशः अनलाइन माध्यमबाट उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

९५. गाउँपालिकाको आधिकारिक वेबसाइट, मोबाइल एप तथा सामाजिक सञ्जालमार्फत सूचना प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।

९६. सूचना प्रविधिको माध्यमबाट गुनासो व्यवस्थापन, सुझाव संकलन तथा नागरिक सहभागिता अभिवृद्धि गरिनेछ ।

९७. GIS (Geographic Information System) आधारित योजना, सम्पत्ति तथा पूर्वाधार व्यवस्थापन प्रणाली विकास गरिनेछ ।

९८. डिजिटल प्रोफाइल तथा एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली निर्माण गरी तथ्यमा आधारित योजना निर्माणलाई प्रोत्साहन गरिनेछ ।

९९. साइबर सुरक्षा तथा सूचना सुरक्षासम्बन्धी मापदण्ड अवलम्बन गरी सरकारी सूचना तथा तथ्याङ्कको सुरक्षा सुनिश्चित गरिनेछ ।

१००. जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी तथा समुदायको डिजिटल साक्षरता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

१०१. सामुदायिक विद्यालयहरूमा सूचना प्रविधिमैत्री शिक्षण सिकाइ वातावरण विकास गर्न आवश्यक सहयोग प्रदान गरिनेछ ।

१०२. डिजिटल भुक्तानी प्रणाली तथा विद्युतीय कारोबारलाई प्रोत्साहन गरी नगदरहित सेवा प्रणाली विस्तार गरिनेछ ।

१०३. गाउँपालिकाभित्र सार्वजनिक सेवा केन्द्र तथा डिजिटल सहायता केन्द्र स्थापना तथा सञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।

१०४. नेपाल सरकारको १०० दिने कार्यसूची अनुरूप जनमुखी सेवाप्रवाह सुनिश्चित गर्न स्वास्थ्य सेवामा डिजिटल गुनासो व्यवस्थापन प्रणाली स्थापना गरिनेछ।

**(ख) सामाजिक विकासः**

१०५. आयुर्वेद, योग, प्राकृतिक चिकित्सा तथा अन्य बैकल्पीक चिकित्सालाई प्रबर्द्धन गरी नागरिक मैत्री स्वास्थ्य सेवा प्रदान गरिने छ ।

१०६. नसर्ने रोग (NCD) को निदान तथा ब्यवस्थापनका लागि आयुर्वेद तथा योग चिकित्सा लाई आधुनिक तथा वैज्ञानिक प्रविधीमैत्री बनाई सेवा प्रवाह गरिनेछ ।

१०७. आयुर्वेद बहुमुल्य औषधिजन्य जडिबुटीहरूको पहिचान, संरक्षण र प्रवर्द्धन गर्ने निति लिई आवश्यक कार्यक्रमहरू संचालन गरिने छ।

१०८. आयुर्वेद औषधालयबाट प्रदान गरिने सेवालाई जनमुखि प्रभावकारी र सर्वशुलभ बनाउन आवश्यक प्राबिधिक जनशक्तीको ब्यवस्थापन गरिनेछ।

१०९. आयुर्वेद तथा योग चिकित्सालय बिश्वस्नीय र प्रभावकारी बनाउन आयुर्वेद स्वास्थ्य तथा योग शिक्षा कार्यक्रम, आयुर्वेद स्वास्थ्य सेवा सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

११०. नेपाल सरकारको **'स्वस्थ नागरिक, समृद्ध नेपाल'** को राष्ट्रिय अवधारणा अनुरूप गाउँपालिकाको दृष्टिकोण 'स्वस्थ नागरिक, समृद्ध गाउँपालिका' लाई मुख्य मार्गदर्शक सिद्धान्तका रूपमा अवलम्बन गरिनेछ।

१११. आधारभूत स्वास्थ्य सेवा तथा अत्यावश्यकीय स्वास्थ्य उपचारलाई स्थानीय सरकारको प्रमुख दायित्वको रूपमा स्वीकार गर्दै गाउँपालिकाका सबै वडामा प्रभावकारी रूपमा सेवा सञ्चालन गरिने नीति अवलम्बन गरिनेछ ।

११२. स्वास्थ्य संस्थाहरूमार्फत सञ्चालन भएको स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन अल्पसंख्यक, आर्थिक रूपले विपन्न तथा समुदायमा पछाडि परेका समुदायको सहज पहुँच सुनिश्चित गरिनेछ ।

११३. मोतिपुर प्राथमिक स्वास्थ्य केन्द्र (प्रस्तावित १५ शैयाको अस्पताल) मार्फत सञ्चालन हुँदै आएको सेवालाई थप व्यवस्थित गर्न स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति र स्वास्थ्यकर्मीहरूलाई थप जिम्मेवार बनाउने नीति अवलम्बन गरिनेछ ।

११४. सोह्रौं पञ्चवर्षीय योजनाको लक्ष्य अनुरूप ९०% परिवारलाई आधा घण्टाभित्र स्वास्थ्य सुविधा पहुँच सुनिश्चित गर्न वडास्तरीय स्वास्थ्य सेवा सुदृढ गरिनेछ ।

११५. नेपाल सरकारको १०० दिने कार्यसूचीमा समेटिएको डिजिटल सुशासनको मनसाय अनुरूप स्वास्थ्य सेवामा HMIS तथा डिजिटल प्रणालीको प्रयोग विस्तार गरिनेछ ।

११६. महिला तथा बालबालिकामा देखिने स्वास्थ्य समस्यालाई मुख्य प्राथमिकतामा राखी समुदायस्तरीय स्वास्थ्य प्रवर्धन क्रियाकलापहरू सञ्चालन गर्न स्वास्थ्यकर्मीहरूलाई थप जिम्मेवार बनाउने नीति अवलम्बन गरिनेछ ।

११७. सुरक्षित मातृत्व कार्यक्रम, परिवार नियोजन सेवा तथा किशोरकिशोरी स्वास्थ्य सेवाको गुणस्तरीय प्रवाह सुनिश्चित गरिनेछ ।

११८. विद्यालयमा अध्ययनरत बालबालिकाहरूको स्वास्थ्य प्रवर्धन तथा स्वास्थ्य व्यवहार परिवर्तनका लागि गाउँपालिकाको शिक्षा शाखा र मातहतका विद्यालयहरूसँग निरन्तर सहकार्य गर्दै संयुक्त कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

११९. अटिजम लगायत विशेष आवश्यकता भएका बालबालिकाका लागि पहिचान, परामर्श र रेफरल प्रणाली विकास गरिनेछ ।

१२०. कुपोषण तथा यसले मानव स्वास्थ्यको जीवनचक्रमा पार्ने दुष्प्रभावलाई न्यूनीकरण गर्न विगतदेखि सञ्चालन गर्दै आएको समुदायस्तरीय पोषण प्रवर्धन अभियानलाई निरन्तरता दिने नीति अवलम्बन गरिनेछ ।

१२१. गर्भवती तथा सुत्केरी महिला, शिशु तथा बालबालिकाको पोषण सुधारका लागि FCHV मार्फत घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ । ज्येष्ठ नागरिक, अपाङ्ग तथा आर्थिक रूपमा विपन्न परिवारलाई रक्त संचार

केन्द्र तथा आँखा अस्पतालसँग सहकार्य गरी प्रदान गरिएका सेवाहरूलाई निरन्तरता दिइने नीति अवलम्बन गरिनेछ ।

१२२. ज्येष्ठ नागरिकहरुले भोग्नु पर्ने समस्याहरुलाई समाधान गर्न निजहरुको घरमै जाँच गर्ने र उपयुक्त उपचार पद्धतीको विषयमा जानकारी गराउँदै स्वास्थ्य उपचार गर्न 'आउटरिच' कार्यक्रम सञ्चालन गरिनेछ ।

१२३. समुदायमा नसर्ने रोगको भारलाई कम गर्नको लागि तथा स्वास्थ्य संस्थाहरूले नसर्ने रोग सम्बन्धी प्रवाह गर्ने सेवामा गुणस्तरीयता कायम गर्न प्रभावकारी नीति अवलम्बन गरिनेछ ।

१२४. मधुमेह, उच्च रक्तचाप तथा क्यान्सर प्रारम्भिक पहिचानका लागि नियमित स्वास्थ्य शिविर आयोजना गरी स्क्रिनिङ कभरेज वृद्धि गरिनेछ ।

१२५. धुम्रपान, मद्यपान तथा लागुपदार्थ दुर्व्यसन विरुद्धको समुदायस्तरीय युवा लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१२६. मानसिक स्वास्थ्य जागरण कार्यक्रम विस्तार गरिनेछ र प्राथमिक स्वास्थ्य केन्द्रमा परामर्श सेवा उपलब्ध गराइनेछ ।

१२७. स्वास्थ्यको क्षेत्रमा महत्त्वका साथ हेरिएको क्षयरोगमुक्त पालिका अभियानलाई सफल पार्न राजनैतिक प्रतिबद्धतालाई कायम राख्दै समुदाय संलग्नतालाई प्रमुख प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिनेछ ।

१२८. झाडापखाला, डेंगी, कालाजार लगायत स्थानीय रूपमा संक्रमण देखिने रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य प्रवर्धन अभियान सञ्चालन गरिनेछ ।

१२९. स्वास्थ्य विमा कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाई सेवाको सन्तुष्टिको दर र दायरालाई बढाइनेछ ।

१३०. विपन्न, असहाय तथा जोखिमयुक्त परिवारको विमा प्रिमियम व्यवस्थापनमा गाउँपालिकाको सहयोग जारी राखिनेछ । बिमित नागरिकलाई गाउँपालिकाभित्र बिना अग्रिम भुक्तानी सेवा पाउने व्यवस्था मिलाइनेछ ।

१३१. निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरूले प्रदान गरेको स्वास्थ्य सेवा प्रवाहको गुणस्तर सुनिश्चितताका लागि नियमित रूपमा अनुगमन मूल्याँकन गरिनेछ । निजी संस्थाले सेवा शुल्क पारदर्शी रूपमा सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिनेछ ।

१३२. गाउँपालिकाको समग्र स्वास्थ्य क्षेत्रको सुधारका लागि स्वास्थ्य क्षेत्रमा कार्यरत संघसंस्थासँग निरन्तर समन्वय तथा सहकार्य गर्दै उनीहरूले प्रदान गर्ने सेवाहरूलाई नतिजासँग तुलना गर्ने नीति अवलम्बन गरिनेछ।

१३३. स्वास्थ्य क्षेत्रमा तोकिएको बजेटको पूर्ण उपयोग, पारदर्शी खर्च र नियमित लेखापरीक्षण सुनिश्चित गरिनेछ।

१३४. सामाजिक परीक्षण (Social Audit) वार्षिक रूपमा सञ्चालन गरी स्वास्थ्य सेवाको जवाफदेहिता सुनिश्चित गरिनेछ।

१३५. स्वास्थ्य क्षेत्रमा भएको प्रगति तथा उपचारको विवरण सहितको HMIS डेटाको नियमित विश्लेषण गरी प्रमाणमा आधारित निर्णय प्रक्रिया अवलम्बन गरिनेछ।

१३६. दिगो विकास लक्ष्य (SDGs) का सूचकाङ्कहरूसँग गाउँपालिकाको स्वास्थ्य सूचकाङ्क तुलना गरिनेछ र वार्षिक दिगो विकास लक्ष्य प्रगति प्रतिवेदन तयार गरिनेछ। तोकिएको समयमा नै स्वास्थ्य क्षेत्रका लक्ष्यहरु पुरा गर्न प्रयास गरिनेछ ।

१३७. **गुणस्तरीय शिक्षा शुद्धोदनको प्रतिबद्धता** भन्ने मूल नारा सहित गुणस्तरीय शिक्षाको लागि कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ । विषयविज्ञ सहितको सहभागितामा विद्यालय अनुगमन र निरीक्षण गरी शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी बनाईनेछ ।

१३८. सामुदायिक विद्यालयका प्रारम्भिक वाल विकास सहजकर्ता र शिक्षकहरुको क्षमता विकास गर्न आवश्यक तालिमका साथै सूचना तथा सञ्चार प्रविधी सम्बन्धि तालिम प्रदान गरी कक्षाकोठामा प्रविधी मैत्री वातावरण सिर्जना गरिनेछ । साथै सृजनात्मक नवप्रवर्तन कृयाकलापका लागि विद्यालयलाई प्रोत्साहन गरिने छ ।

१३९. सामुदायिक विद्यालयमा न्यूनतम शिक्षक दरबन्दी व्यवस्था गरी एक कक्षाकोठा एक शिक्षक कार्यक्रम कार्यान्वयनलाई निरन्तरता दिइनेछ ।

१४०. स्थानीय विषयको पाठ्यपुस्तकको छपाई वितरण एवम् प्रयोगलाई निरन्तरता दिइनेछ ।

१४१. विद्यालय वाहिर रहेका वालवालिकाहरुको तथ्यांक संकलन गरी विद्यालयमा भर्ना गराउन प्रोत्साहन गरिनेछ।

१४२. लागु पदार्थ तथा दुर्वेशन मुक्त गाउँपालिका वनाउन शिक्षक, विद्यार्थी र अभिभावकको सहभागितामा सचेतना मुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४३. वालवालिकामा अन्तर्निहित क्षमता प्रस्फुटन गराई प्रतिभाको पहिचान गरी प्रोत्साहनको लागि गाउँपालिका स्तरीय विभिन्न विषयमा अतिरिक्त क्रियाकलापहरु संचालन गरिनेछ ।

१४४. कार्यसम्पादन, निस्चित मापदण्ड र नतिजाको आधारमा प्रारम्भिक वालविकास सहजकर्ता ,शिक्षक कर्मचारी, विद्यार्थी र विद्यालय प्रोत्साहन कार्यक्रम संचालन गरी शिक्षकलाई विद्यार्थीको नतिजाप्रति जवाफदेही गराइनेछ ।

१४५. फर्सांटिकर माध्यमिक विद्यालयलाई गाउँपालिका स्तरिय नमुना विद्यालयको रुपमा विकास गरिनेछ । नमुना विद्यालयहरुले गरेका असल अभ्यास अवलोकन एवं अनुसरण गर्दै सामुदायिक विद्यालयहरुको गुणस्तर सुधार गरिनेछ । गाउँपालिकाका अन्य विद्यालयहरुलाई पनि क्रमशः नमुना विद्यालयको रुपमा विकास गर्दै लगिनेछ ।

१४६. विद्यालयको समग्र शैक्षिक उपलब्धि र विषयगत सिकाइ उपलब्धि वृद्धि गर्न सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुले गाउँपालिका अध्यक्षसँग र शिक्षकहरुले प्रधानाध्यापकसाग कार्यसम्पादन करार सम्झौता गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४७. लागत साझेदारीको आधारमा एक शिक्षक एक ल्यापटप कार्यक्रम क्रमशः कार्यान्वयन गरिनेछ ।

१४८. प्रचलित कानुनका अतिरिक्त आवश्यक कार्यविधि तयार गरी संस्थागत विद्यालयहरुको नियमन गरिनेछ ।

१४९. सामुदायिक सिकाई केन्द्रहरुबाट मागका आधारमा संचालन हुने सिपमूलक , आयमूलक र क्षमता विकास तालिमलाई सहयोगी संस्थाहरुको साझेदारीमा व्यवस्थित गर्दै लगिनेछ । साथै तालिम प्रमाणिकरणका लागि आवश्यक सहजिकरण गरिनेछ ।

१५०. विद्यालयलाई प्रभावकारी बनाउन अभिभावक शिक्षा, सचेतना कार्यक्रमअन्तरक्रिया एवम् विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

१५१. विद्यालय शिक्षालाई प्रभावकारी बनाई विद्यालय छाडने दर न्यूनीकरण गर्न अभिभावक शिक्षा सचेतना कार्यक्रम अन्तरकृया एंवम विद्यालय व्यवस्थापन समिती र शिक्षक अभिभावक संघको क्षमता विकास कार्यक्रम संचालन गरिने छ ।

१५२. सबै विद्यालय बालमैत्री बनाइनेछ, साथै सामुदायिक विद्यालयको आवश्यकताका आधारमा बालमैत्री र अपाङ्ग मैत्री भौतिक पूर्वाधार क्रमशः विकास गरिनेछ ।

१५३. अति विपन्न र वर्गका बालबालिकालाई माध्यमिक तहसम्मको शिक्षा सुनिश्चित गर्न बिशेष सहयोग (छात्रवृत्ती) कार्यक्रम सञ्चालन गरिनेछ ।

१५४. यज्ञोदय दुधनाथ थारु बहुमुखी क्याम्पसमा अध्ययन गर्ने यस गाउँपालिकामा स्थायी बसोबास भएका विद्यार्थीहरुलाई अध्ययनमा आवश्यक सहजीकरणका लागि निश्चित कोटाका आधारमा छात्रवृत्ति प्रदान गरिनेछ । साथै सो क्याम्पसलाई प्रविधि मैत्री बनाई गुणस्तर सुधार प्रत्यायन (QAA) कार्यक्रमलाई थप प्रभावकारी बनाउन विश्वविद्यालय अनुदान आयोग र प्रदेश सम्बन्धित मन्त्रालयसँग आवश्यक समन्वय गरिनेछ ।

१५५. विद्यार्थीहरुमा अनुशासन कायम राखी शारिरीक, मानसिक, सामाजिक र संबेगात्मक विकास गरी खेल प्रतिभाको पहिचान र पहुँच विस्तार गर्न खेलकुद विकास समितिको व्यवस्थापनमा गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड तथा अध्यक्ष कप खेल महोत्सब संचालनलाई निरन्तरता दिइनेछ ।

१५६. सामुदायिक विद्यालयका खेलकुद शिक्षक एवम् खेलाडीहरुलाई प्रशिक्षणको व्यवस्था मिलाईनेछ साथै खेलकुद संरचनाहरुको विकास र विस्तार क्रमशः गर्दै लगिनेछ

१५७. गाउँपालिकाको प्रतिनिधित्व गरी बिभिन्न खेलमा सहभागी भइ उत्कृष्ट नतिजा प्राप्त गर्ने खेलाडीहरुलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१५८. सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा पुरा गरी उच्च शिक्षामा प्राबिधिक विषय अध्ययन गर्ने शुद्धोदन गाउँपालिका भित्र स्थायी बसोबास भएका विद्यार्थीहरुलाई निश्चित कोटाका आधारमा कार्यविधी निर्माण गरी छात्रवृत्ति प्रदान गरिनेछ । साथै गाउँपालिका क्षेत्रभित्र संचालित सामुदायिक विद्यालयमा विज्ञान तथा प्रविधी विषय अध्ययन गर्ने विद्यार्थीहरुलाई पूर्ण छात्रवृत्ती प्रदान गरिनेछ ।

१५९. गाउँपालिकाको स्वास्थ्य शाखाको समन्वय र सहयोगमा सबै सामुदायिक विद्यालयहरुमा ६-६ महिनामा स्वास्थ्य परिक्षणको सुनिश्चितता गर्दै औषधी, स्यानेटरी प्याड, प्राथमिक उपचार किट सहितको प्राथमिक उपचचार कक्ष क्रमशः व्यवस्थान गरिनेछ । अपाङ्गता भएका बालबालिकालाई उनिहरुको क्षमता अनुकुल सीपमूलक तालिम प्रदान गरी स्वरोजगार गराउने निती लिइनेछ ।

१६०. विद्यार्थीहरुमा नैतिकता इमान्दारिता सदाचार सत्चरित्रको विकास गरी सभ्य समाज निर्माण गर्न योग ध्यान तथा अध्यात्मिक चिन्तन जस्ता कार्यक्रमहरु संचालन गरिने छ । साथै सामुदायिक पुस्तकालयको विकास एंव परम्परागत संगितको संरक्षण गरिनेछ ।

१६१. गाउँपालिकाबासी सबै नागरिकलाइ स्वच्छ खानेपानी उपलब्ध गराउन अधुरा खानेपानी आयोजना सम्पन्न गर्न उच्च प्राथमिकतामा राखी नयाँ खानेपानी आयोजना सञ्चालन तथा आधारभूत सरसफाइको सूविधा सूनिश्चित गर्ने लक्ष्य सहितका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१६२. जलवायू परिवर्तनको असरलाइ न्यूनिकरण गर्न गाँउपालिका भित्र रहेका पोखरी, ताल तलैयाहरुको पहिचान, संरक्षण, मर्मत तथा प्रवर्द्धन गरी पूनर्भरण (Recharge) प्रणालीलाइ प्राथमिकतामा राखी पानीको श्रोत संरक्षण गर्ने निति अपनाइनेछ । ढल तथा नालिको उचित ब्यवस्थापनगरी पोखरी तथा नदी नालाको स्वच्छता कायम गरिने छ ।

१६३. खानेपानीका श्रोतहरुको संरक्षण र शुद्ध खानेपानीको प्रयोगलाइ उच्च प्राथमिकतामा राख्नुका साथै खानेपानीको पहुँच सुनिश्चिशता गर्दै सबैलाई स्वस्थ्य र सफा खानेपानीको सुविधा उपलब्ध गराउने निति अवलम्वन गरिनेछ।

१६४. सार्वजनिक संघ संस्था विद्यालय, स्वास्थ्य संस्था, बजार क्षेत्रमा सूरक्षित पिउनेपानी तथा बालमैत्री, लैङ्गिक मैत्री र अपाङ्ग मैत्री सरसफाइका पूर्वाधार निर्माणमा जोड दिइने छ ।

१६५. गाँउपालिकालाइ पूर्ण सरसफाइयूक्त गाँउपालिका बनाउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१६६. सबै प्रकारका लैङ्गिक हिंसा र मानव बेचबिखन अन्त्य गर्न शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

१६७. सडक बालबालिका तथा ज्येष्ठ नागरिकको पारिवारिक पुनर्मिलन र सामाजिक पुनःस्थापना साथै सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गरिनेछ।

१६८. बालबालिका, किशोर किशोरी तथा अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न कार्यक्रम मार्फत क्षमता विकास गरिनेछ।

१६९. अपाङ्गता भएका व्यक्तिहरूको अद्यावधिक तथ्याङ्कको लेखाजोखा गरी सोहीबमोजिमका कार्यक्रम सञ्चालन गरिनेछ ।

१७०. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा पछाडि परेका व्यक्तिहरुलाई विभिन्न किसिमका सिपमूलक कार्यक्रम प्रदान गरी विकासको मूलप्रवाहमा ल्याइनेछ।एकल महिलाहरूको सिप तथा क्षमता विकास गरिनेछ।

१७१. दलित, आदिवासी जनजाती, मधेसी, मुश्लिम, थारु तथा पिछडा वर्गको उच्च शिक्षामा पहुँच बढाउन प्रोत्साहन गरिनेछ।

१७२. लक्षित वर्ग अन्तर्गत पर्ने समुदायहरुलाई सिपमूलक तथा उत्पादनमूलक तालिम प्रदान गरी स्वरोजगार प्रवर्द्धन गरिनेछ ।

१७३. लैङ्गिक हिंसा तथा घरेलु हिंसा विरुद्ध सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी महिलाहरुलाई सशक्तीकरण गरी विकासको मूलप्रवाहमा ल्याइनेछ ।

१७४. बाल विवाह, दाइजो प्रथा, लागू पदार्थ दुर्व्यसनी लगायत सामाजिक कुरीति, छुवाछूत, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरूमा न्यूनीकरण गर्न सचेतना र अभियानमूलक कार्यक्रम गर्ने नीति अवलम्बन गरिनेछ।

१७५. मानवसेवा आश्रम, ज्येष्ठ नागरिक सेवा केन्द्र जस्ता मानवीय कल्याणका लागि विशेष सहयोग कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१७६. बालश्रममुक्त पालिका घोषणाको लागि तथ्याङ्क सङ्कलन गर्ने र सोही अनुसार आवश्यक प्रकृया अगाडी बढाउने । बालमैत्री स्थानीय शासन लागु भएको स्थानीय तह घोषणा गर्ने कार्यलाई अध्ययन गरी अगाडी बढाइनेछ ।

१७७. 'महिला उद्यमी समुन्नती कार्यक्रम' सञ्चालन गरि महिलाहरुलाई उद्यमी बन्न प्रेरित गरिनेछ ।

१७८. अन्तर्राष्ट्रिय प्रतिवद्धता र राष्ट्रिय लक्ष्य उद्देश्यलाई परिपूर्ति गर्नका लागि सामान्जस्यता कायम गर्ने नीति अवलम्बन गरिनेछ।

१७९. न्याय सम्पादन ढिलो हुनु, न्याय नपाउनु सरह हो भन्ने कानूनी सिद्धान्तलाई मध्यनजर गर्दै गाउँपालिकाको न्यायिक समितिबाट छिटो, छरितो र सर्वसुलभ न्याय सम्पादन गर्ने कार्यलाई विशेष जोड दिईनेछ ।

१८०. प्रत्येक चौमासिक रुपमा वडा कार्यालयमा मेलमिलापकर्ताबाट सम्पादन भएका न्यायिक कार्यको अनुगमन गरी मेलमिलापकर्तालाई थप जिम्मेवार बनाइनेछ ।

१८१. कानूनको अज्ञानता क्षम्य हुदैंन भन्ने कानुनी सिद्धान्तलाई मध्यनजर गर्दै शुद्धोदन गाउँपालिकाका ग्रामीण क्षेत्रका सर्वसाधारणमा कानून सम्बन्धी जानकारी गराउन कानूनी सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ ।

१८२. स्थानीय सरकार सञ्चालन ऐन २०७४, मा स्थानीय तहको न्याय सम्पादन प्रकृयामा मेलमिलापलाई प्राथमिकता दिइएबमोजिम वडामा रहेका मेलमिलापकर्ताबाट मेलमिलाप गर्ने नीतिलाई उच्च प्राथमिकता दिइनेछ ।

१८३. न्याय निरुपण कार्यलाई थप व्यवस्थित, सर्वसुलभ, पहुँचयुक्त बनाउन वडा कार्यालयमा रहेका मेलमिलाप केन्द्रको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

**(ग) आर्थिक विकासः**

१८४. गाउँपालिका भित्र बढ्दै गएको विषादी तथा रासायनिक मलको प्रयोगलाई कम गर्दै जैविक एवम प्राङ्गगारिक मलको प्रयोग गर्दै जलवायु अनुकुलित बालीलाई प्रर्वद्धन गरिनेछ ।

१८५. वास्तविक उत्पादनको परिमाण र प्रमाणका आधारमा उत्पादनमा आधारित अनुदान सिधै कृषकको खातामा जम्मा हुने गरी डिजिटल प्रणाली को प्रयोग गरी भुक्तानीको व्यवस्था मिलाई उत्पादनमा आधारित अनुदान वितरण गर्ने प्रणालीको विकास गरिनेछ ।

१८६. रोजगारी सिर्जना र कृषिलाई व्यवसायीकरण गर्नका लागि हावापानी र सम्भाव्यता हेरेर तरकारी खेती, धान गहु खेती, दुध उत्पादन, माछा मासु उत्पादन, अन्डा उत्पादन गरी व्यवसायीकरण गर्नको लागि प्रत्येक वडा मा क्रमश कम्तीमा एउटा कृषि उपजको पकेट क्षेत्र को विकास गरिनेछ।

१८७. उत्पादन, उत्पादकत्व र बजार व्यवस्थापनलाई प्रविधिसँग जोड्न डिजिटल कृषि व्यवस्थापन प्रणाली लागू गरिनेछ र सूचना प्रविधिमार्फत **'किसान सेवा कार्ड'** लाई व्यवस्थित गर्दै प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

१८८. गाउँपालिका बासीको पोषण अवस्था सुधार्न हरेक घरमा करेसाबारी निर्माणलाई प्रोत्साहन गरिनेछ। मिसावटयुक्त र हानिकारक खानालाई निरुत्साहित गर्दै स्वास्थ्य वर्धक खाद्य पदार्थको प्रवर्द्धन गरिनेछ।

१८९. रासायनिक विषादिको प्रयोग घटाउँदै जलवायु अनुकूलन प्रविधिमार्फत प्राङ्गारिक (अर्गानिक) खेतीलाई प्रोत्साहन गरिनेछ।

१९०. साना सिँचाइ कार्यक्रम र प्रदेश सरकारसँगको सहकार्यमा भूमिगत सिँचाइ सुविधा उपलब्ध गराएर कृषि उत्पादन बढाइनेछ साथै व्यवसायिक कृषि पकेट क्षेत्र विस्तारको नीतिलाई निरन्तरता दिइनेछ।

१९१. गाउँपालिकाको माटोको स्वास्थ्य परीक्षण गरी माटो सुहाउदो बाली लगाउने व्यवस्था मिलाइनेछ ।

१९२. इच्छुक किसान, सहकारी र कृषि समूहहरूलाई आधुनिक प्रविधि र व्यावसायिक कृषि/पशुपालन सम्बन्धी तालिम दिइनेछ। उत्पादित उपजलाई नजिकको बजारसम्म पुऱ्याउन बजारिकरणमा सहयोग गरिनेछ।

१९३. कृषि तथा पशुपालनलाई सहज बनाई उत्पादकत्व बढाउन बीउ, यन्त्र, औजार र उपकरणहरूमा कृषकलाई ५० प्रतिशत अनुदान दिने नीतिलाई निरन्तरता दिइनेछ। सामूहिक खेती गर्ने समूह/सहकारीलाई कृषि क्षेत्रको विस्तारमा प्राथमिकता दिइनेछ।

१९४. पशुहरूमा कृत्रिम गर्भाधान सेवालाई थप व्यवस्थित गरि निरन्तरता दिइनेछ ।

१९५. किसानहरूबीच अनुभव साटासाट गर्न र कृषि व्यवसायलाई प्रतिस्पर्धी बनाउन कृषि मेला प्रदर्शनी आयोजना गरिनेछ।

१९६. विद्यार्थीहरूलाई कृषि पेशाप्रति आकर्षित गर्न र आयआर्जनमार्फत आफ्नो पढाइ खर्च जुटाउन सहयोग पुऱ्याउने उद्देश्यले **"पढ्दै कमाउँदै कार्यक्रम"** सञ्चालन गरिनेछ।

१९७. खेतीयोग्य जमिनको खण्डीकरण रोकी जमिन बाँझो रहने प्रवृतीलाई निरुत्साहित गरि उक्त जमिनलाई, व्यावसायिक कृषि र पशुपालन क्षेत्र विस्तार गरिनेछ र उक्त क्षेत्रमा बीमा अनिवार्य गरिनेछ।

१९८. लिंची, आँप, ड्रैगन फ्रुट, एभोकाडो जस्ता फलफूल उत्पादनका लागि सम्भाव्य स्थान पहिचान गरी किसानहरूलाई प्रोत्साहन गरिनेछ।

१९९. वित्तीय संस्थाहरूसँगको सहकार्यमा व्यावसायिक किसानहरूलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराइनेछ र ब्याजमा अनुदान दिने कार्य सुरु गरिनेछ।

२००. उत्पादन लागत घटाउन **"बाह्रैमास हरियो घाँस, पशु उत्पादन एकनास"** भन्ने नाराका साथ घाँस विकास कार्यक्रम र नर्सरी स्थापनामा जोड दिइनेछ।

२०१. जलाशय र माछापोखरी संरक्षण गर्दै ५० प्रतिशत अनुदानमा माछाका भुरा वितरण गरिनेछ र उचित बजार व्यवस्थापन गरी पालिकालाई माछामा आत्मनिर्भर बनाइनेछ।

२०२. प्रत्येक वडामा कम्तिमा एक कृषि तथा पशु व्यवसायमा आधारित सहकारी विकास गरिनेछ र उत्पादनको मूल्य श्रृंखला (Value Chain) मा काम गर्ने सहकारीलाई प्रवर्द्धन गरिनेछ।

२०३. दूध, अण्डा र मासुमा पालिकालाई आत्मनिर्भर बनाउन व्यावसायिक पशुपालक किसानहरूलाई लक्षित गरी प्रोत्साहनका कार्यक्रम ल्याइनेछ।

२०४. पशुहरूमा लाग्ने सरुवा रोग नियन्त्रणका लागि खोप अभियान चलाई शुद्धोदनलाई **"पूर्ण पशु खोप युक्त"** गाउँपालिका बनाइनेछ।

२०५. पशुपालक किसानलाई व्यावसायिक बनाउन तालिम दिइनेछ। पशु स्वास्थ्य, बाँझोपना न्यूनीकरण र रेबिज रोग नियन्त्रणका कार्यक्रम सञ्चालन गरिनेछ।

२०६. किसानहरूलाई पशु सेवा सहज बनाउन पशु सेवाका प्राविधिकहरूलाई प्रत्यक्ष रूपमा वडाहरूमा खटाउने व्यवस्था मिलाइनेछ।

२०७. विषयगत सेवाका आधारमा सहकारीहरूलाई एकीकरण (Merge) गरिनेछ। सहकारीको पहुँच नपुगेका क्षेत्रमा सेवा विस्तार गरी पिछडिएको वर्गलाई सहुलियत ऋण दिने व्यवस्था मिलाइनेछ।

२०८. बैंक तथा वित्तीय संस्थाहरूलाई गाउँपालिकाको प्रत्येक वडासम्म आफ्ना शाखा वा सेवा विस्तार गर्न प्रोत्साहित गरिनेछ।

२०९. व्यापार-व्यवसायलाई कानुनी दायरामा ल्याउन दर्ता र अभिलेखीकरण अभियान चलाइनेछ। करको दर घटाएर करको दायरा (Tax Base) फराकिलो बनाउने नीति लिइनेछ।

२१०. दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न सार्वजनिक निजी सहकारी क्षेत्रको सहकार्य मार्फत स्थानीय स्रोत साधनको समुचित प्रयोग तथा परिचालन गरी दिगो स्थानीय आर्थिक विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२११. एक व्यक्ति एक विषयगत सहकारी नीतिलाई बढावा दिई सहकारीको गुणात्मक सुधारका लागि सहकारी संस्थाहरूको एकीकरण कार्यलाई गाउँपालिकाको नियमन भित्रकै समान विषयगत सहकारी संस्था सँग आर्थिक वर्ष २०८३/०८४ पौष मसान्त भित्र एकीकरणमा जान पहल गरिने र त्यस्ता संस्थालाई एकीकरण प्रकृयामा सहजीकरण गरिनेछ।

२१२. संघीय सरकार/ प्रदेश सरकार, दातृ निकाय सहकारी अभियान तथा जिल्ला सहकारी सँघको सहकार्यमा साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।

२१३. स्थानीय स्रोत, साधन र सीपमा आधारित रोजगार सिर्जना गर्न **'उद्यम विकास योजना'** बनाई लघु उद्यम विकास कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

२१४. गरिबीको रेखामुनि रहेका नागरिक, महिला, दलित, मुस्लिम, थारु, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, एकल महिला र बेरोजगारहरूलाई लक्षित गरी आयआर्जनमूलक सीप विकास र रोजगारीका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२१५. लक्षित वर्ग तथा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूलाई रोजगार सेवा केन्द्रसँगको समन्वयमा सीपमूलक तालिम दिइनेछ। विपन्न तथा बेरोजगार युवाहरूलाई लक्षित गरी आर्थिक एवं रोजगारीमूलक कार्यक्रम चलाइनेछ।

२१६. लघु उद्यमीहरूलाई व्यक्तिगत, समूह वा साझेदारी फर्मका रूपमा दर्ता गर्न प्रोत्साहन गरिनेछ र उनीहरूको सम्पूर्ण विवरण GESIMIS प्रणालीमा अद्यावधिक गरिनेछ।

२१७. लघु उद्यमहरूको स्थलगत अनुगमन र आवश्यकता पहिचान गरी उद्यम विकास मोडेल अनुसार सेवा र परम्परागत सीपको संरक्षण एवं स्तरोन्नति (Upgrade) गरिनेछ।

२१८.	रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापनमा थप प्रभावकारी बनाइने छ । पालिका स्तरिय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखिनेछ । रोजगार सेवा केन्द्रलाई "रोजगार, सीप तथा उद्यमशीलता केन्द्र" का रुपमा रुपान्तरण गरी संचालन गरिनेछ। रोजगार सेवा केन्द्रको लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्ने कार्य गरिनेछ।

२१९.	आ.व. २०८३/०८४ देखि न्यूनतम रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायिक आयोजनामा पालिकाको लागत साझेदारी कायम गरिनेछ । वडा तहमा समेत लागत साझेदारी कायम गरी रोजगारीको प्रबर्धन र भौतिक पुर्वाधारको समेत विकास गरिनेछ । त्यस्तै पालिका स्तरीय र वडा स्तरीय आयोजनामा समेत रोजगार सेवाकेन्द्र मार्फत श्रमिकको आपुर्ति गरिनेछ।

२२०.	स्थानिय स्तरमा रोजगारीको प्रवर्द्धनका लागी  सामाजिक विकास, सार्वजनिक निर्माण तथा मर्मत कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ । बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सुचना व्यवस्थापन प्रणलीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ ।

२२१.	रोजगारी खोजकर्ता, रोजगारदाता, तालिम प्रदायक संस्था तथा सेवा प्रदायक संस्थाहरुलाई श्रम संसार प्रणालीमा आवद्ध गराई श्रम र रोजगारसंग सम्बन्धित सूचना प्रणाली संचालनको कार्य गरिनेछ।आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजि क्षेत्रसँग सहकार्य र समन्वयमा जोड दिईनेछ ।

२२२.	वैदेशिक रोजगारी सम्बन्धी आवश्यक परामर्श, श्रम स्वीकृत, पुनः श्रम स्वीकृति तथा वैदेशिक रोजगारबोर्डको सचिवालयले प्रदान गर्ने आर्थिक सहायता सम्बन्धी सहजीकरण गर्ने कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वन गरिनेछ । वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सीप, अनुभव तथा प्रविधिको उपयोग र उद्यमशिलता विकाससँग सम्बन्धित कार्य गरिनेछ। वैदेशिक रोजगारीमा जाने नागरिकहरुलाई वैदेशिक रोजगारीका लागि जिवन उपयोगी शिक्षा प्रदान गरिने छ।

२२३.	उद्यम विकास तथा कृषि शाखासंग समन्वय र सहकार्य गर्दै आन्तरिक रोजगारी प्रवर्द्धनका लागि बेरोजगार व्यक्तीहरु तथा वैदेशिक रोजगारीबाट फर्किएका, वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका तथा विरामी भएका कामदारका परिवार सदस्यहरुलाई उद्यमशिलता प्रवर्द्धन कार्यक्रम संचालन तथा आवश्यक सिपमुलक तालिम प्रदान गर्ने कार्य गरिनेछ । बालश्रम निवारण सम्बन्धमा सुसुचित गर्ने कार्य गरिनेछ।

२२४. सुरक्षित आप्रवासन (सामी) कार्यक्रम संचालन गरी आप्रवासी कामदार तथा तिनीहरूको परिवारको अधिकारको सुनिश्चित गरिनेछ । जसको लागि प्रदेश सरकार, वैदेशिक रोजगार वोर्ड तथा संघीय सरकारसँगको समन्वय तथा लागत साझेदारीमा आप्रवासी कामदार र उनीहरूको परिवारलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, न्यायकोलागि समन्वय सहजीकरण, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता र सीप अभिवृद्धि गर्ने कार्य गरिने छ ।

२२५. पालिकाभित्रै उपलब्ध हुने कच्चा पदार्थको प्रयोग गरेर सञ्चालन गर्न सकिने साना तथा कुटीर उद्योग स्थापनामा प्रोत्साहन गरिनेछ।

२२६. पर्यटकीय स्थलहरूमा हुने महोत्सवहरूलाई सहयोग गर्नुका साथै ती क्षेत्रहरू सम्म पुग्ने सडक पूर्वाधारको विकास गरिनेछ।

२२७. विदेशबाट फर्किएर आफ्नै सीपमा उद्यम गर्न चाहने युवाहरूलाई लक्षित गरी **"अध्यक्षसँग युवा इलम कार्यक्रम"** सञ्चालन गरिनेछ। साथै स्वयंसेवा (Volunteering) मार्फत पनि युवाहरूलाई रोजगारीमा जोडिनेछ।

२२८. युवाहरूको चाहना र बजारको माग अनुसारका तालिमहरू सञ्चालन गरिनेछ र तालिम प्राप्त युवाहरूलाई व्यवसाय वा उद्यम सुरु गर्न आवश्यक रकम (बिउ पूँजी) सहित प्रोत्साहन गरिनेछ।

**(घ) पूर्वाधार विकासः**

२२९. गाउँपालिकाभित्रका मुख्य, सहायक तथा कृषि सडकहरूको स्तरोन्नति, कालोपत्रे, ढलान, ग्राभेल तथा नियमित मर्मत सम्भार कार्यलाई निरन्तरता दिइनेछ ।

२३०. सबै वडाहरूलाई सुरक्षित, सहज र वर्षभरि सञ्चालनयोग्य सडक सञ्जालमार्फत जोड्ने लक्ष्यका साथ सडक पूर्वाधार विस्तार गरिनेछ ।

२३१. आवश्यक स्थानहरूमा पुल, कल्भर्ट, नाला, तटबन्ध तथा अन्य यातायात संरचनाहरू निर्माण गरी आवागमनलाई सुरक्षित र सहज बनाइनेछ ।

२३२. सार्वजनिक भवन, वडा कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक विद्यालय तथा अन्य सरकारी संरचनाहरूको निर्माण, मर्मत तथा स्तरोन्नति गरिनेछ ।

२३३. सडक किनार तथा सार्वजनिक स्थलहरूमा हरियाली प्रवर्द्धन, सडक बत्ती जडान तथा सौन्दर्यीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२३४. विपद् जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी नदी नियन्त्रण, तटबन्ध, पहिरो नियन्त्रण तथा अन्य संरक्षणात्मक संरचनाहरू निर्माण गरिनेछ ।

२३५. सार्वजनिक सम्पत्तिको संरक्षण तथा पूर्वाधारहरूको नियमित मर्मत सम्भारका लागि प्रभावकारी व्यवस्थापन प्रणाली विकास गरिनेछ ।

२३६. निर्माण कार्यमा गुणस्तर सुनिश्चित गर्न प्राविधिक मापदण्डको पूर्ण पालना, नियमित अनुगमन तथा सामाजिक परीक्षणको व्यवस्था गरिनेछ ।

२३७. संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार तथा निजी क्षेत्रसँगको सहकार्यमा रणनीतिक तथा ठूला पूर्वाधार आयोजनाहरू कार्यान्वयन गरिनेछ ।

२३८. अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, महिला तथा बालबालिकामैत्री सार्वजनिक पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ ।

२३९. **"समृद्ध शुद्धोदन, व्यवस्थित पूर्वाधार"** को अवधारणा अनुरूप दिगो, सुरक्षित र आधुनिक पूर्वाधार विकासमार्फत समुन्नत गाउँपालिका निर्माणको अभियानलाई अगाडि बढाइनेछ ।

२४०. ठूला पूर्वाधारहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गरी आयोजना बैंक मार्फत प्राथमिकतापूर्ण योजनामा लगानी गर्ने नीति लिइने छ ।

२४१. योजनाहरुलाई बजेटको कमी हुन नदिने तथा समयावधि भित्र सम्पन्न गर्ने कुरामा उच्च प्राथमिकताका साथ आवश्यक पहल गरिनेछ साथै गाउँ भित्रका सडकहरुको नामकरण गर्ने कार्यको शुरुवात गरिनेछ ।

२४२. सडकको दिगो बिकासको लागि गाउँ भित्रका कालोपत्रे सडकमा गुणस्तर कायम गर्न २० फिट वा सो भन्दा बढी चौडाई भएका सडकहरुमा अस्फाल्ट कंक्रिट प्रविधिलाई अवलम्बन गर्न प्राथमिकता दिइनेछ ।

२४३. सडकको सर्वे डिजाइन गर्दा सो क्षेत्रमा पर्ने विधुत पोल नाली,तार, खानेपानी पाइप विस्तार समेत समावेस गरी एकीकृत डिजाइन इस्टिमेट तयार गरी कार्यन्वयनमा ल्याइनेछ ।

२४४. पूर्वाधार निर्माणमा अधुरो आयोजनालाई बिशेष प्राथमिकतामा राखी आगामी आर्थिक वर्षमा निर्माण सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ ।

२४५. विकास निर्माण कार्यमा साना र टुक्रे योजनाहरुलाई निरुत्साहित गर्दै ठुला र देखिने खालका योजना संचालन गर्ने नीतिलाई अवलम्बन गरिनेछ ।

२४६. गाउँपालिका भित्रका जीर्ण सडकहरुलाई स्तरोन्नती गर्न मर्मत संहार कोषको व्यवस्था गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

२४७. गाउँपालिका भित्र सञ्चालित क्रमागत आयोजनाहरुलाई आगामी आर्थिक बर्षमा पनि निरन्तरता दिइनेछ ।

२४८. खानेपानी सरसफाई, र फोहोर ब्यबस्थापनका लागि गाउँपालिकाको Wash Plan अनुसारको पूर्वाधार निर्माण कार्य सरकारी गैह्र सरकारी निकायहरुसँग साझेदारीमा अगाडि बढाइनेछ ।

२४९. लुम्बिनी-बुद्धसर्किट, वेलवास-बेथरी सडक र गाउँपालिकाको अन्य मुख्य सडकमा हाईम्याक्स स्ट्रीटलाईट जडान गर्ने र सडक सौन्दर्यीकरण गर्ने कार्य अगाडि बढाइनेछ ।

२५०. घर नक्शा पास र नियमितलाई निरन्तरता दिई थप कडाईका साथ कार्यान्वयन गरिनेछ ।

२५१. नयाँ भवन निर्माण गर्दा भूकम्पीय जोखिम न्यूनीकरण गर्न तर्फ ध्यान दिदै शुद्धोदन भवन मापदण्ड पालन गरि घर निर्माण कार्य गराउन पहल गरिने छ ।

२५२. घर नक्शा पास प्रक्रियामा नआई निर्माण भएका घरहरुलाई यथासिघ्र प्रक्रियामा ल्याई घर निर्माण कार्य गर्न "राजस्वमा छुट" जस्ता प्रावधानहरु राखी, घर नक्शा पास गरेर मात्र घर निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

२५३. शुद्धोदन गाउँपालिकामा व्यवसाय दर्ता भएका ठेकेदार तथा निर्माण व्यवसायीलाई शुद्धोदन भवन मापदण्ड र राष्ट्रिय भवन मापदण्ड बारे तालिम दिई योग्यता प्रमाणपत्र वितरण गरिनेछ । उक्त तालिम प्राप्त ठेकेदारहरुलाई मात्र शुद्धोदन गाउँपालिका भित्रका भवन निर्माण गर्न पाउने नीति कडाईका साथ लागु गरिनेछ । तालिम प्राप्त ठेकेदारहरुको तालिमको प्रमाणपत्र पनि नक्शा पास प्रक्रियामा पेश गर्ने कागजातहरुमा समावेश गर्नेछ यसरी ठेकेदारहरुलाई स्वयम् भवन निर्माण मापदण्डको पालना गर्न र निर्माण कार्य गुणस्तरीयताका साथ गर्न प्रेरित गरिनेछ ।

२५४. विपद् जोखिमयुक्त क्षेत्र, नदी कटान, डुबान तथा अन्य प्राकृतिक प्रकोपबाट प्रभावित बस्तीहरूको संरक्षण तथा व्यवस्थापनका कार्यक्रम सञ्चालनलाई जोड दिईनेछ।

२५५. केन्द्रीय सरकारको समन्वय र सहकार्यमा भूमिहीन र अव्यवस्थित तथा जोखिमयुक्त बस्तीहरूको पहिचान गरी सुरक्षित तथा व्यवस्थित बस्ती विकास कार्यक्रम सञ्चालन गरि जोखिमयुक्त बस्तीमा बसोबास गर्दै आउनु भएका सर्वसाधारणलाई सुरक्षित स्थानमा व्यवस्थापन गरिनेछ।

२५६. नयाँ सडक विस्तार, भवन निर्माण तथा पूर्वाधार विकास कार्यलाई स्वीकृत मापदण्ड र नक्सा प्रणालीमा आधारित बनाइ निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।

२५७. सडक, ढल, खानेपानी, विद्युत् तथा सञ्चार सुविधासहितका पूर्वाधारयुक्त बस्ती विकासलाई प्रोत्साहन गरिनेछ ।

२५८. गाउँपालिकाभित्रका घरधुरी तथा भवनहरूको अभिलेखीकरण र डिजिटल तथ्याङ्क प्रणाली विकास गरिनेछ ।

२५९. फोहोरमैला व्यवस्थापन, ढल निकास तथा सरसफाइलाई बस्ती विकाससँग आबद्ध गरी स्वस्थ र स्वच्छ बस्ती निर्माण अभियान सञ्चालनलाई निरन्तरता दिइनेछ ।

२६०. सुरक्षित, व्यवस्थित र समुन्नत बस्ती निर्माणका लागि जनचेतना, क्षमता विकास तथा सामुदायिक सहभागितालाई प्रोत्साहन गरिनेछ ।

२६१. खाली सार्वजनिक क्षेत्रहरुको अध्ययन अनुगमन गरि सौन्दर्यीकरण तथा बगैंचा र पार्कहरुको निर्माण सम्बन्धि नीति कार्यान्वयन गरिनेछ ।

**(ङ) वन, वातावरण तथा विपद् व्यवस्थापनः**

२६२. वातावरण संरक्षणको लागि वैकल्पिक उर्जा (वायो ग्यासँ, सुधारियको चुलो, सौर्य उर्जा र विद्युतिय चुलो) जडानलाई प्रोत्साहन गर्ने निति अवलम्वन गरिने छ ।

२६३. गाउँपालिका भित्र उत्पादन हुने फोहोरको व्यवस्थापन गर्न उपयुक्त स्थानमा ल्याण्डफिल्ड साइटको पहिचान गरी निर्माण कार्य अगाडि बढाइने र निर्माणाधिन शवदाह गृहलाई थप व्यवस्थित गरि वातावरण मैत्री बनाइने छ।

२६४. प्लाष्टिकजन्य झोला तथा बस्तुहरुको प्रयोगलाई निरुत्साहित गर्दै फाइबर झोलाको प्रयोग र उत्पादनलाई प्रोत्साहन गर्ने निति अवलम्वन गरिनेछ ।

२६५. सार्वजनिक जग्गाहरुको पहिचान गर्ने, संरक्षण गर्ने र उक्त जग्गाहरुमा वृक्षारोपण गर्दा फलफूल, औषधीजन्य साथै आयआर्जन हुने खालका विरुवाहरु रोप्न प्रोत्साहन गरिनेछ।सामुदायिक वनहरु संरक्षण गरी थप ब्यवस्थित गरिने छ ।

२६६. गाँउपालिका भित्र रहेका पोखरी, ताल तलैयाहरुको पहिचान, संरक्षण, मर्मत तथा प्रवर्द्धन गरी पूनर्भरण (Recharge) प्रणालीलाइ प्राथमिकतामा राखी पानीको श्रोत संरक्षण गर्ने नीति अपनाइने छ ।

२६७. यस गाउँपालिका भित्र वहाव क्षेत्र भएका तिनाउ, दानव तथा इङ्गुरिया नदीहरुको नदीजन्य पद्धार्थ व्यवस्थापन गर्दा स्थानीयलाई पर्ने क्षति लाइ न्यूनीकरण गर्न सम्बन्धित स्थानियबासीहरुसँग

समन्वय गरी नदीजन्य पद्धार्थको उत्खनन् तथा विक्री व्यवस्थापन कार्यलाई प्रभावकारी बनाइनेछ ।

२६८. गाउँपालिका भित्र आइपर्ने विपद् जन्य घटनाको व्यवस्थापन गर्न विपद् व्यवस्थापन कोषको स्थापना गरी कोलाई प्रभावकारी रुपमा परिचालनगरी राहत वितरणलाइ पारदर्शि र प्रभावकारी बनाइनेछ।

२६९. मुख्य बजारको सरसफाइ प्रवर्द्धनका लागि निजि क्षेत्रसंग सहकार्य गर्दै अगाडि बढने र फोहरमैला ब्यवस्थापनलाई आयआर्जन संग जोड्ने निति अवलम्वन गरिनेछ।

२७०. लुम्बिनी प्रदेश सरकार, यस क्षेत्रमा काम गरिरहेका अन्य स्थानीय तह र संघसंस्थाहरुसँग आवश्य समन्वय र सहकार्य गर्दै गाउँपालिका भित्र समय समयमा देखा पर्ने छाडा चौपायाहरु र निलगाइ लगायत अन्य बन्यजन्तुहरुको व्यवस्थान गरिनेछ ।

२७१. गाउँपालिका भित्रको नदीजन्य पदार्थको उत्खनन्, अन्वेषण, ढुवानी तथा विक्रिवितरणलाई नियमित गर्न कार्यविधी निर्माण गरी प्रशोधन गरी विक्रिवितरण गर्ने व्यवस्था मिलाइनेछ । यसको पूर्वाधार विकासको लागि संघ र प्रदेश सरकारसँग आवश्यक सहकार्य गरिनेछ ।

अन्त्यमा, यो नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नु हुने गाउँपालिकाका उपाध्यक्ष्यज्यू, सबै वडाका वडा अध्यक्षज्यूहरु, गाउँ कार्यपालिकाका कार्यापालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, सम्पूर्ण विषयगत समितिका सदस्यज्यूहरु, सकारात्मक सल्लाह र सुझाव दिनुहुने विभिन्न संघ संस्था र शुद्धोदनमा क्रियाशिल पार्टीहरुका प्रमुख तथा प्रतिनीधिहरु, समग्र शुद्धोदन निवासी बुवा आमा दाजु भाई दिदीबैनीहरु, सञ्चार जगत तथा गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिनु चाहान्छु । धन्यवाद् ।

मितिः २०८३।०३।०५ गते ।

विष्णु प्रसाद बस्याल
अध्यक्ष